मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वर्ष ३ ● अंक १७७ ● २०८२ साल वैशाख २७ गते शनिबार ● Saturday 10, May 2025 ● सूर्योदयः बिहान ५:२० बजे ● सूर्यास्तः साँझ ६:४३ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

## जसपामा पनि निर्वाचन हुने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी नेपाल धनुषाको नेतृत्व निर्वाचन प्रक्रियामा गएको छ । सर्वसम्मत नेतृत्व चयन हुन नसकेपछि विभिन्न पदका आकांक्षीले उम्मेदवारी दर्ता गराएका छन् ।

अध्यक्ष पदमा जयकुमार यादव, शत्रुधन यादव, पशुपति यादव, चन्देश्वर महतो र अच्छय कुमार यादवको उम्मेदवारी परेको छ । उपाध्यक्षमा ललितकुमार मण्डल, दिनेश प्रसाद यादव, रामपुकार यादव, रामशंकर पासवान र अब्दुल मनान राइनको उम्मेदवारी छ । सचिवमा राम एकवाल शर्मा, रामनारायण कापरी, धर्मेन्द्रकुमार गोइत, उमेशप्रसाद महतो, सीताराम यादव र दिपेन्द्र कुमार कापरीको उम्मेदवारी परेको छ ।

यस्तै, उपसचिवमा राम बिहारी यादव, श्यामकुमार राउत, सीताकुमार देवी मण्डल, बेचन महतो, शशिचन्द्र यादव र दिनेश महतोको उम्मेदवारी परेको छ । कोषाध्यक्षमा सुजिता यादव, मो. नजमुद्दीन अन्सारी र अशोक कुमार यादवले उम्मेदवारी दर्ता गराएका छन् ।

# मधेशमा सुरक्षा चासो
# मदर्सामा सुक्ष्म निगरानी



**मधेशदृष्टि**
**जनकपुरधाम/वीरगंज ।**
भारत र पाकिस्तानबीच द्वन्द्वको प्रत्यक्ष मार नेपालले पनि खेपिरहेको छ । एकातिर भारतमा भएका नेपाली समुदाय धमाधम घर फर्किइरहेका छन् । अर्कातिर पाकिस्तान र भारतमा भएका नेपाली समुदायको सुरक्षाको चिन्ता बढेको छ । यस्तै, नेपाली भूमि हुँदै भारतविरुद्ध कुनै पनि शंकास्पद गतिविधि नहोस् र कोही पनि पात्र नेपाली भूमि हुँदै भारत नछिरुन् भनेर सुरक्षा नाकामा कडाइ गरिएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी मात्रै होइन नेपाली सेनाले पनि सुक्ष्म निगरानीमा आफूलाई उतारेको छ । नेपाल सरकार, सत्तारुढ दलहरु मात्रै होइनन्, मधेशवादी दलका अलावा अरु दलहरु पनि आतंकवादविरुद्ध भारतको अभियानमा समर्थक र शुभेच्छुक बनेका छन् । यसैक्रममा शुक्रबार भारतीय राजदूतले नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटसमेत गरेका छन् ।

नेपाल र भारत दुवै देशका सुरक्षाकर्मीले मधेशका भारती सीमा जोडिएका भूमि वीरगंज–रक्सौल लगायतका अन्य सीमा नाकामा कडाइ गरेका छन् । बारा,पर्सा रौतहटका नाकामा समेत कडाइ बढाइएको छ । देशकै प्रमुख नाका वीरगंज रक्सौल नाकामा सुरक्षा कडाइ बढाउँदै यस नाकाबाट आवागमन गर्नेका लागि सशस्त्र प्रहरी परिचालन भएको छ ।

सशस्त्र प्रहरी बल १३ नम्बर गण वीरगंज पर्साका सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालले नाकामा सुरक्षा सतर्कता बढाउने निर्देशन बमोजिम सुरक्षा कडा पारिएको जनाउँदै परिचय खुल्ने कागजात भएका भारतीयलाई मात्र नेपाल प्रवेश गर्न दिएको बताए । उनले परिचय खुल्ने कागजात नभएका भारतीयबारे सोधखोज गरेर मात्र आउन दिइएको उल्लेख गरे ।

यसअघि गत केही वर्षदेखि भारतीय सुरक्षा निकाय सीमा सशस्त्र बल (एसएसबी) ले रक्सौल नाकामा आवागमन गर्ने नेपाली र भारतीय सबै नागरिकका लागि परिचयपत्र अनिवार्य गरेको थियो । पाकिस्तानसँगको तनावपछि सशस्त्र प्रहरी बल नेपालले पनि वीरगंज रक्सौल सीमा नाकामा परिचयपत्र हेर्न थालेको हो ।

सशस्त्र प्रहरी बल १३ नम्बर गण वीरगंज पर्साका अनुसार नेपाल आउने हरेकको परिचय खुल्ने कागजात हेरेर मात्र आउन दिइएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक गौतम मिश्रले भारत पाकिस्तान द्वन्द्व बढेपछि नाकामा कडाइ बढाउँदै लगिएको जनाउँदै सशस्त्र प्रहरीले नेपाल आउनेको परिचय पत्र हेर्न थालेको बताए । उनले कुनै पनि गलत मानिसको नेपाल प्रवेश नहोस् भन्ने उद्देश्यका साथ मुख्य नाकामा परिचय पत्र हेर्न थालिएको बताए । खुला नाकामा गस्ती र सुरक्षा बढाइएको छ ।

सशस्त्र प्रहरीले नाकामा सुरक्षा चेकजाँचका लागि तालिम प्राप्त कुकुर समेत परिचालन गरेको छ । सीमावर्ती रक्सौलस्थित एसएसबी फोर्सले समेत नेपाल भारत आवतजावत गर्नेलाई नाकामा विशेष तालिम प्राप्त सुरक्षाकर्मी र तालिम प्राप्त कुकुरबाट प्रत्येक व्यक्तिको चेक जाँच गराएर मात्र आवागमन गर्न दिएको छ ।

**मदरसा र मस्जिदमा निगरानी**

तराई–मधेशका जिल्लामा रहेका मदरसा र मस्जिदमा पनि अवाञ्छित गतिविधि हुनसक्ने आकलन गर्दै सुरक्षा निगरानी बढाइएको छ । सुरक्षा स्रोतका अनुसार युद्धग्रस्त क्षेत्रमा रहेका मुस्लिम समुदाय लुक्दै भाग्दै नेपालका मस्जिदमा शरण लिन आउने सम्भावना छ । आपराधिक गतिविधि गर्ने गिरोह पनि सुरक्षा खोज्दै यता आउने सम्भावना छ । गाउँ शहरमा रहेका मस्जिद तथा मदरसामा आपराधिक गतिविधि हुन नदिन सुरक्षा निगरानी बढाइएको छ ।

**घर फर्किने बढे**

भारत र पाकिस्तानको द्वन्द्व चर्किएपछि भारतबाट स्वदेश फर्किने नेपालीको संख्या पनि दिनदिनै बढ्दै गएको नेपाल भारत नाकामा रहेको इलाका प्रहरी कार्यालय इनर्वाले जनाएको छ । पर्साको ठोरीदेखि वीरगंजसम्मका सम्पूर्ण नाका तथा सीमाक्षेत्रमा चौबीसै घण्टा निगरानी र पैदलगस्ती समेत चलिरहेको छ । सुरक्षा व्यवस्थित र कडा बनाउन भारतीय सीमा सुरक्षा बल एसएसबीसँग समन्वय गरेर कतिपय स्थानमा संयुक्त गस्ती समेत भइरहेको छ ।

**शेयर बजार ओरालो**

दुई देशबीचको तनावसँगै भारतको शेयर बजार शुक्रबार ओरालो लागेको छ । विगतमा रसिया–युक्रेनबीचको युद्ध शुरु भएसँगै गहुँ, तेललगायत धेरै वस्तुमा नेपाली बजार पनि प्रभावित भएको थियो । दक्षिण एशियामा सबैभन्दा ठूलो उत्पादनकर्ता र आपूर्तिकर्ताका रूपमा स्थापित हुँदै गएको भारत युद्धमा फस्दै गए नेपालमा पनि असर पर्ने देखिन्छ ।

चैत मसान्तसम्मको नेपालको वैदेशिक व्यापारमा भारतबाट मात्रै सात खर्ब ८५ अर्ब ७४ करोड ५० लाख १२ हजार रुपैयाँ बराबरको सामग्री आयात भएको छ । नेपालले १३ खर्ब नौ अर्ब ५३ करोड २८ लाख ३८ हजार रुपैयाँ बराबरको वस्तु आयात गरेको छ । सबैभन्दा ठूलो निर्यात भारतमा नै एक खर्ब ४९ अर्ब ९८ करोड १२ लाख ३७ हजार रुपैयाँ बराबरको भएको छ । नेपालले कुल एक खर्ब ८८ अर्ब १९ करोड ५० लाख ७० हजार रुपैयाँ बराबरको वस्तु विश्वका विभिन्न देशमा निर्यात गरेको छ ।

वैदेशिक व्यापारमा भारतसँगको प्रत्यक्ष व्यापारको हिस्सा मात्रै ६० प्रतिशतभन्दा माथि छ । साथै नेपालमा स्थलगत रूपमा सञ्चालनमा रहेका दुई दर्जन बढी भन्सार नाकामध्ये तातोपानी र रसुवा चीनतर्फ जोडिएका छन् । चालु आर्थिक वर्षको चैत मसान्तसम्मको व्यापार तथ्यांकमा ती नाकाबाट कुल व्यापारको जम्मा ७.३२ प्रतिशत मात्रै आयात भएको छ । त्यस्तै यो अवधिमा रसुवा नाकाबाट कुल निर्यातको ०.९७ प्रतिशत मात्रै निर्यात भएको छ भने तातोपानी नाकाबाट निर्यात शून्य अवस्थामा रहेको छ ।

भन्सार विभागको तथ्यांकले दुई छिमेकी मुलुकबाहेक पनि तेस्रो मुलुकबाट हुने वस्तु आयातको ठूलो हिस्सा भारतीय स्थलमार्गमार्फत् नै हुने गरेको देखाएको छ । नेपालमा चालु आर्थिक वर्षको चैत मसान्तसम्म नेपालमा पाकिस्तानबाट जम्मा २५ करोड ४७ लाख ७ हजार रुपैयाँ बराबरको मात्रै वस्तु आयात भएको थियो भने ६ करोड २२ लाख ९१ हजार रुपैयाँ बराबरको मात्रै वस्तु निर्यात भएको थियो । जुन नेपालको कुल वैदेशिक व्यापारमा अत्यन्तै नगन्य हिस्सा हो ।

**सरकारको छलफल**

संघीय सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखाका सहसचिव शिवराम पोखरेलले मन्त्रालयमा भारत–पाकिस्तान युद्धको कारणले नेपालको वैदेशिक व्यापारमा पर्नसक्ने प्रभावका विषयमा छलफल भएको बताए । उनले प्रारम्भिक अध्ययनले नेपालको बजारमा तत्काल प्रभाव पर्ने अवस्था नदेखिएको बताए । चामल, गहुँलगायतका आधारभूत खाद्यान्नको आयात धेरै भएको र बजारमा प्रशस्त भण्डारको अवस्था छ ।

धनगढी, नेपालगञ्ज नाकाबाट बाहेक अरू आयात हुने पेट्रोलियम पदार्थको आयात पाइपलाइनबाट हुने गरेको छ । चामल, गहुँ लगायतका आधारभूत वस्तुको आयात अहिलेसम्म गत अघिल्लो वर्षको तुलनामा धेरै भएको र बिक्री पनि नभएको देखिएको छ । त्यसैले तत्काल बजारमा समस्या सिर्जना हुन्छ भन्नेमा सरकार देखिएको छ ।

**१३ हजार सशस्त्र परिचालन**

भारत–पाकिस्तानबीच तनाव बढेपछि सरकारले पछिल्लो दुई दिनमा नेपाल–भारत सीमा क्षेत्रमा ३ सय १२ वटा गस्ती गरेको छ । पछिल्लो ७२ घण्टामा सशस्त्र प्रहरी बल र भारतीय सशस्त्र सीमा बल एसएसबीसँगको १ सय १५ संयुक्त गस्ती परिचालन गरिएको छ । ३ सय २५ वटा सशस्त्रको सुरक्षा गस्ती र २ हजार ४ सय ८४ स्थानमा चेकपोइन्ट राखेर नेपाल–भारत आवतजावत गर्नेमाथि निगरानी बढाइएको छ ।

सशस्त्र प्रहरी बल नेपालका सहप्रवक्ता शैलेन्द्र थापाका अनुसार, नेपाल–भारत सीमा नाकामा सशस्त्रको २ सय ४५ वटा बिओपी (बोर्डर आउट पोस्ट) स्थापना भइसकेको छ । बिओपीमार्फत नै सीमानाकामा २४ सै घण्टा निगरानी गर्ने गरी सशस्त्र प्रहरी परिचालन गरिएको छ । बाहिनी मुख्यालयअन्तर्गतका १३ हजार बढी सशस्त्र प्रहरी परिचालन गरिएको छ ।

**सेनाको निगरानी**

नेपाली सेनाका प्रवक्ता गौरवकुमार केसीले नेपालमा भइरहेका विभिन्न गतिविधिमाथि सेनाले निगरानी बढाएको बताए । भारत–पाकिस्तान विवादपछि हुनसक्ने सुरक्षा खतराका विषयमा सुक्ष्म निगरानी गरिरहेको र देशलाई आवश्यक पर्दा परिचालन हुनसक्ने गरी तयारी अवस्थामा रहेको उनले बताए । उनले भने, 'नेपाली सेना तयारी अवस्थामा छ ।' नेपाल–भारत सीमा प्रयोग गरेर विभिन्न गतिविधि हुनसक्ने शंका गर्दै नेपालका चारवटै सुरक्षा निकाय हाइअलर्टमा छ ।

**रोहिंग्या छिर्न सक्ने त्रास**

भारत–पाकिस्तान तनावले नागरिकहरू नेपाल प्रवेश गर्ने सम्भावना छ । युद्धका बेला पीडितहरू अन्य देशमा शरण माग्न जाने प्रचलन छ । यस्ता समूहहरू लुकीछिपी नेपाल प्रवेश गर्नसक्ने सम्भावना छ । पाकिस्तानी रोहिंग्या नेपाल छिर्ने बढी खतरा रहेको सुरक्षा निकायको निष्कर्ष छ । यस्तै, विस्थापित समूहले नेपालको भूमि प्रयोग गरेर आपराधिक गतिविधि बढाउनसक्ने खतरा छ ।

**युद्धस्थलमा नेपालीको सुरक्षा**

सरकारले युद्धग्रस्त क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षाका लागि विशेष तयारी गरेको छ । नेपाली नागरिकलाई युद्धग्रस्त क्षेत्रमा नजान सरकारले एडभाइजरी जारी गर्ने तयारी गरेको छ । युद्धका बेला हुनसक्ने खतराका सबै सम्भावनालाई ध्यानमा राखेर सरकारले सुरक्षा तयारी गरेको छ ।

**भारतका नेपाली सुरक्षित बस**

नयाँ दिल्लीस्थित नेपाल राजदूतावासले भारतमा रहेका नेपालीलाई सचेत र सुरक्षित रहन आग्रह गरेको छ । भारतको जम्मू–कश्मीर राज्यको पहलगाममा भएको आतंकवादी हमलापछि विकसित घटनाक्रमलाई मध्यनजर गर्दै भारतमा रहेका नेपालीलाई सचेत र सुरक्षित रहन राजदूतावासले अनुरोध गरेको हो । संकटकालीन अवस्थामा सुरक्षित र आपतकालीन सेवा प्राप्त हुनसक्ने नजिकको स्थानको पहिचान गर्न तथा भारत सरकारको आधिकारिक निकायबाट जारी भएका सुरक्षा सम्बन्धी निर्देशन पालना गर्न नेपाली राजदूतावास, नयाँदिल्लीले सूचनामार्फत अनुरोध गरेको छ ।

**प्रधानमन्त्रीसँग भारतीय राजदूतको भेट**

प्रधानमन्त्री केपी शर्मा ओलीसँग नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भेट गरेका छन् । प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटमा भारतको पहलगाममा गत '२२ अप्रिल' मा आतङ्कवादी आक्रमणका कारण भारत–पाकिस्तानबीच उत्पन्न पछिल्लो तनाव र घटनाक्रमबारे राजदूत श्रीवास्तले प्रधानमन्त्री ओलीलाई जानकारी गराए । उनले आक्रमण भएको ठाउँमा भारतले जवाफी कारबाही मात्र गरेको तर 'जेट हमला' गरेको भन्ने प्रचार सत्य नभएको स्पष्ट गरे । राजदूत श्रीवास्तवले घटनाका सम्बन्धमा नेपाल सरकारबाट बिहीबार सार्वजनिक भएको वक्तत्वप्रति धन्यवाद व्यक्त गरे । प्रधानमन्त्री ओलीले नेपाल विश्वशान्तिका पक्षमा रहेको उल्लेख गर्दै सबै प्रकारका आतङ्कवादविरुद्ध आफ्नो दृढ अडानअनुरूप आतङ्कवादी हमलाको भत्र्सना गरे ।

**पाकिस्तानका विद्यार्थीको चासो**

सरकारले पाकिस्तानमा अध्ययनरत नेपाली विद्यार्थी एवम् अन्य नेपालीको सुरक्षा तथा हित सुनिश्चित गर्नेतर्फ सरकार पूर्ण रूपमा सचेत रहेको बताएको छ । परराष्ट्र मन्त्रालयले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै पाकिस्तानस्थित नेपाली राजदूतावासले त्यहाँ रहेका सम्पूर्ण विद्यार्थी एवम् नेपालीसँग निरन्तर सम्पर्कमा रही काम गरिरहेको जानकारी गराएको हो । तत्कालै थप कुनै सहयोग आवश्यक परे नेपाली विद्यार्थी तथा अभिभावक, आफन्त एवम् त्यहाँ रहेका नेपालीले इस्लामावादस्थित नेपाली राजदूतावासमा सम्पर्क गर्न सकिने मन्त्रालयद्धारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ ।

# सिम्रौनगढ आउँदा भावुक हुन्छुः राउत




**मधेशदृष्टि**
**बारा ।**
जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले ऐतिहासिक शहर सिम्रौनगढ आएका बेला भावुक हुने गरेको बताएका छन् । शुक्रबार पार्टी प्रवेश तथा जनसभामा उनले सिम्रौनगढको गौरवको गाथा सुनाए । 'सिम्रौनगढले काठमाडौंमाथि पटकपटक आक्रमण गरेर कब्जा गरेको इतिहास छ, हामी एउटा शक्तिशाली राज्यको नागरिक थियौँ, यसको गौरवमय इतिहास छ,' राउतले भने, 'म जब सिम्रौनगढ आउँछु, भावुक बन्ने गरेको छु । यहाँको भूमिमा आउँदा मलाई ऊर्जा मिल्छ, हामीहरुलाई फेरि त्यो सिम्रौनगढको गौरवशाली इतिहासलाई ल्याउनुछ ।'

कार्यक्रममा नेपाली कांग्रेसका युवा नेता अजित महतो, मनोज साह सोनारको नेतृत्वमा विभिन्न पार्टी परित्याग गर्दै नेताकार्यकर्ता जनमत पार्टी प्रवेश गरे । जनमत पार्टी सिम्रौनगढ नगर कार्यसमितिद्वारा आयोजित पार्टी प्रवेश तथा जनसभामा नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, आम जनता पार्टीका नेताकार्यकर्ता जनमत पार्टीमा प्रवेश गरेका हुन् । नवप्रवेशीलाई जनमत पार्टीका अध्यक्ष डा. राउतले मधेशको पहिचान झल्काउने गम्छा, फूलमाला र अबिर लगाएर पार्टीमा स्वागत गरे ।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंह, पार्टीका संगठन विभाग प्रमुख डा.जयकान्त राउत, वन तथा वातावरण मन्त्री त्रिभुवन साह, उद्योग वाणिज्य तथा पर्यटन मन्त्री सकिल अलि मियाँ, पूर्व कृषिमन्त्री बसन्त कुशवाहा, बारा जिल्ला इन्चार्ज शिवनाथ पटेलसहित पार्टीका नेता तथा कार्यकर्ताको सहभागिता थियो ।

# मधेश प्रादेशिक बायोमेडिकल इकाइ स्थापना




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशमा प्रादेशिक बायोमेडिकल व्यवस्थापन इकाइ स्थापना भएको छ । जनकपुरधामस्थित प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा इकाइ स्थापना गरिएको हो । व्यवस्थापन इकाइ उद्घाटन गर्दै मधेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंहले स्वास्थ्य सेवा प्रणालीलाई गुणस्तरीय बनाउन ठूलो सहयोग पु¥याउने बताए । प्रादेशिक बायोमेडिकल व्यवस्थापन इकाइले स्वास्थ्य सेवा प्रणाली थप सुदृढ र प्रभावकारी बनाउनेमा मन्त्री सिंहले जोड दिए ।

उनले भने, 'यो इकाइले प्रदेशमा रहेका अस्पताल, जनस्वास्थ्य कार्यालय र अन्य स्वास्थ्य संस्थामा प्रयोग हुने चिकित्सा उपकरणको मर्मत, व्यवस्थापन, र क्यालिब्रेसनमा आवश्यक सहयोग गर्छ । गुणस्तरीय स्वास्थ्य सेवाको प्रवद्र्धनमा पनि ठुलो सहयोग पुग्नेछ । चिकित्सा उपकरणको प्रभावकारी व्यवस्थापनले रोग निदान र उपचारको प्रक्रियालाई थप गुणस्तरिय बनाउँछ । यसले बिरामीहरुलाई सही समयमा उपचार प्राप्त गर्न मद्दत पुऱ्याउँछ ।'

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरधामसँग सहकार्य गरी आर्थिक तथा प्राविधिक सहयोग पु–याउने गरी निक साइमन्स इन्स्टिच्युट, बनेपाले मधेश प्रदेशमा प्रादेशिक बायोमेडिकल व्यवस्थापना इकाइ स्थापना गरेको हो । यो इकाइले प्रदेशभित्र रहेका स्वास्थ्य संस्थामा प्रयोग गरिने बायोमेडिकल उपकरण मर्मत, सम्भार र जाँच गरी मर्मत चक्रलाई सुनिश्चित गर्नुका साथै बायोमेडिकल उपकरणको उचित व्यवस्थापन गरिने साइमन्स संस्थानका तालिम व्यवस्थापक डा. अर्पणा बिसि कलौनीले बताइन् । प्रदेशभित्रका अस्पतालका बायोमेडिकल उपकरण मर्मतका लागि उचित व्यवस्थापन प्रणाली सुनिश्चित गर्ने, अस्पतालमा रहेका बायोमेडिकल उपकरणे मर्मतसम्भार न्यूनतम समयमा गर्ने, लागत प्रभावी मर्मत रणनीति लागू गर्ने, दक्ष प्रविधिक कर्मचारीहरुबाट चिकित्सा उपकरणहरुको सुरक्षित सञ्चालनलाई बढावा दिनेछ । चिकित्सा उपकरण खरिद योजना र कार्यान्वयन र आवश्यक पर्दा बायोमेडिकल उपकरण नीति नियम तर्जुमामा मन्त्रालय र प्रदेशका अस्पताललाई सहयोग गर्ने आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक डा. सुनिल प्रसाद कुशवाहाले जानकारी दिए ।

मधेश प्रदेशमा करोडौँको सामग्री सामान्य मर्मत सम्भारका कारण अलपत्र अवस्थामा रहेको समयमा प्रादेशिक बायोमेडिकल व्यवस्थापना इकाइले स्वास्थ्य प्रणालीमा सुधार तथा सरकारको अर्थ व्यवभार घट्ने जनाइएको छ ।

# म्याद गुज्रियो, विर्तामोड–चन्द्रगढी चार लेन सडक अधुरै

**झापा ।**
यहाँको प्रमुख व्यापारिक केन्द्र विर्तामोड र सदरमुकाम चन्द्रगढी जोड्ने १२ किलोमिटर चार लेन सडकको दोस्रोपटकको म्याद गुज्रिँदासमेत स्तरोन्नति सम्पन्न हुन सकेन ।

चन्द्रगढी विमानस्थल, प्रादेशिक अस्पताल, मेची बहुमुखी क्याम्पसलगायत महत्त्वपूर्ण स्थानसम्म आवतजावत गर्न सहज हुने उक्त सडकको निर्माणसम्बन्धी ठेक्का काठमाडौँको कन्टेक निर्माण प्रालिले एक अर्ब रुपैयाँ मा लिएको थियो ।

विसं २०७७ माघ ६ गते भएको ठेक्का सम्झौतामा २०८० साउन मसान्तसम्ममा सडक निर्माण सम्पन्न गरिसक्ने उल्लेख भएको सडक डिभिजन कार्यालय दमकका साइट इञ्जिनियर उज्ज्वल खतिवडाले बताए । विर्तामोडस्थित पूर्वपश्चिम राजमार्गबाट धौलापुलसम्मको चार किलोमिटर सडक स्तरोन्नति गरेपछि निर्माण व्यवसायीले बाँकी आठ किलोमिटर सडकमा काम गरेका थिएनन् ।

खतिवडाका अनुसार पहिलो म्यादभित्र काम नगरेपछि म्याद थपेर विसं २०८१ पुस २९ गतेसम्म पुर्याइएको थियो । उक्त दोस्रो म्यादसम्बन्धी सम्झौताअनुसार गरामनीको धौलापुलबाट चन्द्रगढीको भैरवचोकसम्मको आठ किलोमिटर सडक तोकिएको समयमा बनाउनुपर्ने उल्लेख थियो ।

धौलापुल–भैरवचोक सडकखण्डको लागत रु ५८ करोड रहेको छ । तर, निर्माण व्यवसायी पक्षले सो सडकमा साढे चार किलोमिटरमात्र कालोपत्र गरेको छ । बाँकी साढे तीन किलोमिटरमा काम गरेको छैन । 'पहिलो म्यादभित्रको दुई वर्षसम्म ठेक्का लिएको पक्षले काममा ढिलासुस्ती गर्यो', सडक डिभिजन कार्यालय दमकका प्रमुख श्यामकुमार यादवले भने, 'दोस्रोपटकको म्यादमा कामले रफ्तार लिएको थियो । तर, स्थानीयवासीले सडक छेउको जग्गाको मुआब्जा दाबी गर्दा काम अवरुद्ध भयो ।'

लेखनाथ चोकका २१ जना स्थानीयवासीले सडक निर्माणमा आफ्नो जग्गा परेको भन्दै अदालतमा मुद्दा हालेपछि सडक निर्माण अघि बढ्न नसकेको उनले बताए । अहिले दोस्रो म्याद पनि गुज्रिएको छ । उनले भने, 'दोस्रो म्यादभित्र काम सम्पन्न हुनसकेको छैन । फेरि म्याद थपिएको छैन ।'

पहिलो चरणमा विर्तामोडबाट धौलापुलसम्म चार लेन सडक निर्माण सकिएको छ । विर्तामोड नगरपालिकाले सडकको लेन विभाजन गर्ने मध्यभागमा मनमोहक बगैँचा निर्माण गरेर फूल र हरियाली हुर्काएको छ ।

दोस्रो चरणमा बनेको धौलापुलबाट देउनिया पुलसम्मको चार लेन सडकमा कालोपत्र सम्पन्न भइसकेको छ । यहाँ फुटपाथ र सौन्दर्यकरणको काम बाँकी छ । गरामनीको केही भागमा भने कालोपत्र बाँकी रहेको साइट इञ्जिनियर खतिवडाले जानकारी दिए ।

लेखनाथ चोकका २१ घरपरिवारले मुआब्जा माग्दै सर्वोच्च अदालतमा दिएको निवेदनका आधारमा हाल काम रोक्ने आदेश जारी भएको छ । सो सडकखण्डको विवाद नभएको स्थानमा ड्रेन, कल्भर्टलगायतका संरचना निर्माण भइसकेका छन् ।रासस

# 'फजुल खर्च वा चालु खर्च घटाएर भए पनि पुँजीगत बजेट बढाउनुपर्छ'

**काठमाडौँ ।**
नेपाली कांग्रेसका सांसद मुक्ताकुमारी यादवले फजुल खर्च वा चालु खर्च घटाएर भए पनि पुँजीगत बजेट बढाउनुपर्नेमा जोड दिएकी छन ।

प्रतिनिधिसभाको शुक्रवारको बैठकमा सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममाथिको छलफलमा उनले शिक्षा, निजामती र प्रहरीसम्बन्धी अतिआवश्यक विधेयकहरू जतिसक्दो चाँडो ल्याउनुपर्नेमा जोड दिईन । उनले भनिन, 'वास्तविक किसानको हातमा अनुदान पुगोस्, उत्पादन र उत्पादनकत्व बढाउने र देशलाई आत्मनिर्भर बनाउने खालको बजेट बनाउन सरकारलाई मेरो सुझाव छ ।'

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद निर्मला कोइरालाले देश समृद्ध बनाउँदै नेपाली जनतालाई सुखी बनाउन सरकारले ल्याएको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता औँल्याए । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद सरस्वती सुब्बाले भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासको समस्यालाई सरकारले व्यावहारिक रूपमै कार्यान्वयन गर्नुपर्नेमा जोड दिईन ।

नेकपा (एमाले)का सांसद विजुला रायमाझीले सरकारले ल्याएको नीति तथा कार्यक्रम राष्ट्रको आर्थिक अवस्था, स्रोतसाधन परिचालनको अवस्था र पुँजीअनुसार यर्थाथपरक रहेको टिप्पणी गरिन। एमालेका सांसद हर्कमाया विश्वकर्माले सरकारले सजिलै लागू गर्न सकिने गरी नीति तथा कार्यक्रम ल्याएको बताईन ।

प्रतिनिधिसभाको आगामी बैठक यही वैशाख २८ गते आइतबार बिहान ११:०० बजे बस्ने छ ।

# भारत पाकिस्तान तनाब, कम्तिमा एक साताका लागि रोकियो आएपिएल

काठमाडौं, २६ बैशाख । इन्डियन प्रिमियर लिग (आएपिएल) एक साताका लागि रोकिएको छ ।

सम्बन्धित निकाय तथा सरोकारवालासँगको परामर्शपछि नयाँ तालिका र खेल हुने स्थानबारे जानकारी दिइने बिसिसीआइले जनाएको छ।

'अहिलेलाई आइपिएल एक हप्ताका लागि मात्रै स्थगित भएको छ। त्यसपछि परिस्थितिको मूल्यांकन गरेर अर्को निर्णय लिनेछौं,' बिसिसिआइ उपाध्यक्ष राजीव शुक्लाले भने।

भारत र पाकिस्तानबीचको तनाव बढेपछि बिसिसीआइले आइपिएल स्थगित गर्ने निर्णय लिएको थियो ।

पाकिस्तानी आक्रमणका कारण बिहीबार पञ्जाब किंग्स र दिल्ली क्यापिटल्सबीचको खेल पनि रद्द गरिएको थियो । धर्मशाला तथा नजिकैका विमानस्थल बन्द भएपछि दुवै टोली शुक्रबार बिहान बिसिसिआइलेले उपलब्लध गराएको विशेष रेलबाट दिल्ली फर्किका छन् । ।

आइपिएलमा हालसम्म ५८ खेल भएका छन् । जसमा धर्मशालामा रद्द गरिएको खेल पनि समावेश छ। अब लिग चरणका १२ खेल बाँकी छन् । प्रतियोगिताको लिग चरणमा गुजरात टाइटन्स, रोयल च्यालेन्जर्स बेङ्लुरु, पञ्जाब, दिल्ली, लखनउ सुपर जायन्ट्स, सनराइजर्स हैदराबादले समान तीन तथा मुम्बई इन्डियन्स, कोलकाता नाइट्स राइडर्स, राजस्थान रोयल्स र चेन्नई सुपर किंग्सले समान दुई खेल खेल्न बाँकी छ ।

प्रतियोगितामा गुजरात र बेङ्लुरु समान १६ अंकका साथ शीर्ष दुईमा थिए । पञ्जाब तेस्रो, मुम्बई चौथो, दिल्ली पाँचौं कोलकाता छैटौं र लखनउ सातौं स्थानमा थिए । चेन्नई सुपर किंग्स, राजस्थान रोयल्स र सनराइजर्स हैदराबाद भने प्लेअफ दौडबाट बाहिरिसकेका छन् ।

# शैलेन्द्रको विस्फोटक शतक र मोहनको घातक बलिङ मध्य रौतहट र सिन्धुरेघारीको शानदार जित

**मधेशदृष्टि**
**चपुर ।**
रौतहटको चन्द्रपुर–८, बेतौनास्थित कोटीहोम खेलमैदानमा जारी जय नेपाल कप अन्तरकलेज टि–२० क्रिकेट लिग प्रतियोगिताअन्तर्गत बिहीबार सम्पन्न दुई खेलमा मध्य रौतहट र सिन्धुरेघारी क्याम्पसले प्रभावशाली जित हात पारेका छन् । पहिलो खेलमा मध्य रौतहट बहुमुखी क्याम्पस, गरुडाले कटहरिया बहुमुखी क्याम्पस कटहरियालाई १ सय ८ रनले पराजित ग¥यो । टस हारेर ब्याटिङमा उत्रिएको गरुडाले निर्धारित २० ओभरमा २ सय २० रनको बलियो योगफल तयार गर्‍यो ।

टोलीका ओपनर शैलेन्द्र कुशवाहा ले ४९ बलमा अविजित १ सय ४ रनको विस्फोटक पारी खेले । उनले १० छक्का र ६ चौका प्रहार गर्दै टोलीलाई ठूलो स्कोरमा पु¥याउन महत्त्वपूर्ण योगदान दिए । कुशवाहाको उत्कृष्ट प्रदर्शनका लागि उनलाई 'प्लेयर अफ द म्याच' घोषित गरियो । जवाफमा ब्याटिङमा उत्रिएको कटहरिया क्याम्पस १७ ओभरमै १ सय १२ रनमा समेटिएको थियो ।

दोस्रो खेलमा सिन्धुरेघारी बहुमुखी क्याम्पस चन्द्रपुरले अभियान एजुकेसन कन्सल्टेन्सी गौरलाई ७३ रनले हरायो । टस जितेर पहिले ब्याटिङ गरेको सिन्धुरेघारीले २० ओभरमा १ सय ३९ रन बनायो । जवाफी पारीमा अभियान टोलीले ११.५ ओभरमै ६६ रन जोड्दै सबै विकेट गुमायो ।

सिन्धुरेघारीका मोहन घिमिरेले ३ ओभरमा १२ रन खर्चेर ५ विकेट लिँदै प्रतियोगितामा सबैभन्दा प्रभावशाली बलिङ प्रदर्शन गरे । उनलाई पनि 'प्लेयर अफ द म्याच' घोषित गरिएको छ ।

# लाखौँको भन्सार छलीको सामानसँगै ३ मोटरसाइकल बरामद

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला प्रहरी कार्यालय रौतहटको गस्ती टोलीले छन्सार छलीको विभिन्न सामानसहित तीनथान मोटरसाइकल बरामद गरेको छ । विशेष सूचनाका आधारमा गएको गस्ती टोलीले ईशनाथ नगरपालिका–१ स्थित भारतबाट अवैध रुपमा भित्र्याएको कपडा, किरानालगायतका सामान बोकेको तीनथान मोटरसाइकल बरामद गरेको हो ।

प्रहरी गस्ती टोलीलाई हेरेर मोटरसाइकल छाडेर तस्कर फरार भएको प्रहरीले जनाएको छ । तस्करीको सामान बोक्न प्रयोग गरिएको बिआर ०६–७१४५, बिआर ०५ एएम ६२५० र एउटा नम्बर नभएको मोटरसाइकल प्रहरीले बरामद गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी दीपक कुमार रायले बताए । त्यसैगरी जिल्लाको विभिन्न स्थानबाट प्रहरीले बिहीबार एकलाख २६ हजार रुपैयाँ बराबरको किरानालगायतको सामान बरामद गरेको छ ।

बरामद कपडा, किराना लगायतका सामानसँगै तीनवटै मोटरसाइकलको चारलाख ४२ हजार रुपैयाँ मूल्यांकनसहित आवश्यक कारबाहीका लागि बिहीबार साँझ जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको जिल्ला प्रहरी कार्यालय रौतहटद्वारा जारी सूचनामा उल्लेख गरिएको छ ।

# सगरमाथा संवादको अन्तिम तयारीमा छौँ : परराष्ट्रमन्त्री

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपालले आयोजना गरेको 'सगरमाथा संवाद' को पहिलो संस्करणको अन्तिम तयारीमा सरकार रहेको जानकारी दिएकी छन । मन्त्री डा राणाको अध्यक्षतामा शुक्रवार परराष्ट्र मन्त्रालयमा बसेको सगरमाथा संवाद व्यवस्थापन समितिको बैठकमा उनले सो जानकारी गराएका हुन ।



उनले नेपालले यस्तो अन्तर्राष्ट्रिय सम्मेलन पहिलो पटक गर्न लागेको र एक स्थायी कूटनीतिक फोरमका रूपमा वर्षेनी आयोजना गर्ने निर्णय गरिसकेकोले यस कार्यक्रमलाई नेपालका लागि अत्यावश्यक तथा प्रभावकारी फोरमका रूपमा विकास गर्नेगरी परराष्ट्र मन्त्रालयले मेहनत गरिरहेको बताईन । जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्यका विषयमा केन्द्रित रहेर यही मे महिनाको १६ देखि १८ सम्म काठमाडौँमा आयोजना गरिएको यस कार्यक्रम अन्तर्राष्ट्रिय स्तरमा नेपालको उपस्थितिका लागि एक महत्त्वपूर्ण प्लेटफर्म भएकाले सरकारले यसलाई सफल पार्न लागिपरेको जानकारी मन्त्री डा राणाले दिए ।

उनले भनिन, 'जलस्रोत तथा पर्यावरणको मुख्य स्रोतका रूपमा रहेका नेपालका हिमाल पग्लिने क्रम बढ्दै गएको तथा नेपालले जलवायु परिवर्तनको अकल्पनीय क्षति व्यहोरिरहेको वर्तमान अवस्थाको सामूहिक वकालत गर्न तथा नेपालले विश्व मञ्चहरूमा उठाउँदै आएको जलवायु न्यायको आवाजलाई थप बुलन्द पार्न यो सम्मेलन महत्त्वपूर्ण हुनेछ ।'

उनले जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रीय र विश्वव्यापी महत्त्वका गम्भीर मुद्दाहरूमा छलफल गर्न विश्वव्यापी संवाद मञ्चका रूपमा सगरमाथा संवादको सुरुआत गरेको र यस वर्षको यो पहिलो संस्करण रहेको पनि स्पष्ट गरे ।

मन्त्री डा राणाले यस संवादमार्फत् जलवायु परिवर्तनबाट प्रभावित समुदाय, वैज्ञानिक, नीति निर्माता, पर्वतारोही, विश्वका नेताहरू एवं अन्तर्राष्ट्रिय सङ्घसङ्गठनहरूलाई छलफल र प्रतिबद्धताका लागि एकसाथ ल्याउने प्रयास नेपालले गरेको पनि बताईन ।

सगरमाथा संवादको पहिलो संस्करणको व्यवस्थापन समिति संयोजक रहनुभएकी मन्त्री डा राणाले अन्तर्राष्ट्रिय समुदायको उच्चस्तरीय सहभागिता गराउने प्रयास गरिएको र उत्साहजनक रूपमा उनहरुले सहभागिताको सुनिश्चित पनि गर्नुभएको जानकारी दिए ।

मन्त्री डा राणाले यस स्तरको कार्यक्रम नेपालका लागि एउटा ठूलो अवसर भएकाले आआफ्ना स्थानबाट सक्दो योगदान गर्न परराष्ट्र तथा सम्बद्ध सबै मन्त्रालयका कर्मचारी, निजी क्षेत्र तथा विश्वमा रहेका सबै नेपाली नियोगहरूलाई निर्देशन दिए । त्यस बैठकमा वन तथा वातावरण मन्त्री ऐनबहादुर शाहीले पनि आफ्ना मन्त्रालयले सगरमाथा संवादको अन्तिम तयारी गरिरहेको जानकारी गराउनुभएको थियो । परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राइले सगरमाथा संवादको तयारीका लागि भइरहेका कामहरूका बारेमा जानकारी गराउनुभएको थियो । सो अन्तर्राष्ट्रिय मञ्चमा अहिलेसम्म करिब दुई दर्जन मुलुकका उच्चस्तरीय प्रतिनिधि तथा ५० भन्दा बढी विभिन्न अन्तर्राष्ट्रिय सङ्घसङ्गठनहरूले सहभागिताको सुनिश्चितता गरेका छन् ।रासस

# मुद्दा फछ्र्यौटमा उल्लेख्य सुधार भएको छः प्रधानन्यायाधीश राउत

**काठमाडौँ ।**
प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले सर्वोच्च अदालतको मुद्दा फछ्र्यौटमा उल्लेख्य सुधार भएको बताएका छन । त्रिहत्तरौँ कानुन दिवस–२०८२ का अवसरमा सर्वोच्च अदालतद्वारा शुक्रवार आयोजित चियापान समारोहमा उनले समग्र मुद्दा फछ्र्यौट प्रतिशतमा समेत विगत वर्षको तुलनामा उल्लेख्य सुधार भएको बताए ।




प्रधानन्यायाधीश राउतले सर्वोच्च अदालतमा आठ वर्ष नाघेका मुद्दा आगामी असार मसान्तभित्रमा र पाँच (५) वर्ष नाघेका मुद्दा २०८३ असारभित्रमा शून्य बनाउने लक्ष्यमा अधिकतम् सफलता हासिल भइरहेको जानकारी दिए । 'सर्वोच्चको समग्र मुद्दा फछ्र्यौट प्रतिशतमा पछिल्ला तीन वर्षदेखि सङ्ख्यात्मक वृद्धि भई पुराना बक्यौता मुद्दा उल्लेख्य रूपमा घटेका छन', उनले भने, 'उच्च अदालत एवं जिल्ला अदालतले दुई वर्ष नाघेका पुराना मुद्दालाई शून्य बनाउने र जुनसुकै मुद्दालाई पनि १८ महिना नाघ्न नदिने लक्ष्यमा अधिकाधिक सफलता हासिल भएको तथ्याङ्कले देखाइरहेका छन् ।'

प्रधानन्यायाधीश राउतले विगतको निरन्तरतास्वरुप चालु आर्थिक वर्षको साउन १ गतेदेखि न्यायपालिकाको पाँचौँ पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयन प्रारम्भ भई न्यायसम्पादनलाई प्रभावकारी बनाउने, न्यायमा पहुँच अभिवृद्धि गर्ने, सुशासन तथा न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि गर्ने, न्यायपालिकामा सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्ने तथा मानवसंशाधन तथा भौतिक पूर्वाधार विकाससहितका पाँच वटा प्राथमिकतामा कार्यक्रम केन्द्रित रहेको जानकारी दिए । उनले भने, 'रणनीतिक योजनामा आधारित भई सर्वोच्च अदालत र देशभरिका अदालत एवं न्यायाधीकरणहरूले प्रत्येक वर्ष आफ्नो वार्षिक कार्ययोजना निर्माण गरी न्यायसम्पादनलाई प्रभावकारी बनाउँदै नागरिकको न्यायमा पहुँच अभिवृद्धि गर्ने उद्देश्यका साथ क्रियाकलाप सञ्चालन गर्दै आइएको छ ।'

प्रधानन्यायाधीश राउतले न्यायपालिकाले मूलतः मुद्दा फछ्र्यौटमा आवधिक र सङ्ख्यात्मक लक्ष्यका साथै गुणात्मक र शीघ्र न्यायसम्पादनका लागि फरक मुद्दा व्यवस्थापन पद्दति, सूचना प्रविधिको अधिकतम् प्रयोग, मेलमिलापलाई प्रोत्साहन र सुशासन तथा जनआस्था अभिवृद्धिका साथै न्यायमा पहुँचको सुनिश्चिततालाई उच्च प्राथमिकतामा राखेको बताए । 'अदालतप्रतिको जनआस्था अभिवृद्धिको परिणामस्वरुप अदालतको कार्यचापमा भएको बढोत्तरीलाई सम्बोधन गर्न देशभरिका अदालतमा अतिरिक्त समयमा जिम्मेवारी बहन गरिरहनुपरेको अवस्था छ', प्रधानन्यायाधीश राउतले भने, 'कार्यचापका तुलानामा सेवासुविधामा देखिएको न्यूनताले लक्ष्यप्राप्तिमा जनशक्तिलाई उत्प्रेरित गराउन अत्यावश्यक भएको मैले महसुस गरेको छु ।'

उनले व्यवस्थापकीय दृष्टिले गरिएका सुधारका निरन्तर प्रयासका कारण न्यायपालिकाले राखेका लक्ष्यहरू सुधारोन्मुख हुँदै आएको र आगामी दिनमा थप गति लिने विश्वासका साथ न्यायिक जनशक्तिलाई आशावादी भई कार्यक्षेत्रमा निरन्तर लागिरहन सबैमा आग्रह गरे । 'कानुनको शासन, स्वतन्त्र न्यायपालिकासम्बन्धी मूल्यमान्यता एवं शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनसम्बन्धी सिद्धान्तलाई व्यवहारमा उतार्न सफल भएको आजको दिनलाई कानुन दिवसका रूपमा मनाउँदै आइएको बेहोरा सबैमा विदितै छ', प्रधानन्यायाधीश राउतले भने, 'यस अवसरमा न्यायपूर्ण समाजको स्थापनार्थ विधिको शासनमार्फत आआफ्नो कर्तव्य निर्वाहमा सबैलाई सफलता मिलोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।'

नेपालको संविधानले परिकल्पना गरेको विशिष्टीकृत अदालतको अवधारणाअनुरुप २०८१ चैत २ गतेदेखि काठमाडौँ उपत्यकाका तीन जिल्लाको अधिकारक्षेत्र रहने गरी उपभोक्ता अदालत, २०८२ वैशाख २ गतेदेखि काठमाडौँ उपत्यकाका तीन जिल्ला र काभ्रेपलाञ्चोक जिल्ला अदालतसमेतको अधिकार क्षेत्र रहनेगरी बाल अदालतको स्थापना गरिएकोसमेत उनले जानकारी दिए । न्यायपालिकाको संस्थागत सुधारका प्रयास र रणनीतिक दस्ताबेजमा उल्लेख भएका कुराहरुलाई मूर्तरुप दिनका लागि स्रोतसाधनको उपलब्धता र जनशक्तिको सक्षमता एवं इमान्दारितापूर्ण कार्यसम्पादन अपरिहार्य हुने भन्दै प्रधानन्यायाधीश राउतले न्यायपालिकामा प्रवेश गरेका जनशक्तिको प्रवेशमात्र पर्याप्त नभई वृत्तिविकास र व्यावसायिक विधाहरूमा क्षमता विकासका लागि प्रशिक्षणको निरन्तरता अत्यावश्यक रहेको बताए ।

कार्यसम्पादनमा प्रोत्साहन गर्न नसकिएमा न्यायपालिकाले प्राप्त गरेका दक्ष जनशक्तिलाई टिकाइराख्न र भविष्यको उत्तराधिकारीका रूपमा स्थापित गर्न चुनौतीपूर्ण देखिन्छ', प्रधानन्यायाधीश राउतले थने, 'यी सबै उद्देश्यमा न्यायपालिकालाई आवश्यक स्रोतसाधनको उपलब्धता अधिक महत्वपूर्ण छ । तसर्थ न्यायपालिकाको संस्थागत प्रबन्धका लागि भएका योजनाबद्ध सुधार प्रक्रियाले राखेका अपेक्षाको यथोचित सम्बोधनका लागि साधनस्रोतको व्यवस्थापनमा नेपाल सरकार तथा समयानुकूल कानुन निर्माण एवं संशोधन कार्यमा संसद् र सम्बद्ध निकायको सकारात्मक सहयोग हुनेछ भन्ने आशा एवं विश्वास लिएको छु ।'

विसं २००९ वैशाख २६ गतेदेखि लागू भएको नेपाल प्रधानन्यायालय ऐन, २००८ ले स्वतन्त्र न्यायपालिकाको स्थापनासँगै शक्ति पृथकीकरणको अभ्यासलाई आत्मसात् गरेको ऐतिहासिक दिनको स्मरणमा प्रत्येक वर्ष वैशाख २६ लाई कानुन दिवसका रूपमा मनाउने गरिएको छ ।रासस

# नदी सभ्यता र दूधमती नदी



वीरेन्द्र रमण

कुनै पनि समाजको विकास क्रमिकरुपमा नै भएको पाइन्छ । तर जति पनि सभ्यताको विकास भएको छ ती सबै सभ्यताको विकासमा नदीको महत्वपूर्ण योगदान रहेको छ । खास गरेर अहिले हामी आफूलाई हिन्दू भन्छौँ । इतिहासकारहरु सिन्धु घाँटीको सभ्यताबाट नै हिन्दूको विकास भएको विश्वास गरिरहेका छन् । उनीहरुको अनुसार सिन्धु नदीको विकासमा हिन्दू सभ्यताको महत्वपूर्ण योगदान रहेको छ ।

हिन्दू सभ्यताको विकास एक दीर्घकालीन, समृद्ध तथा गहिरो संस्कृति सभ्यताको रुपमा विकास भएको पाइन्छ । जसले हाम्रो समाजमा धार्मिक, संस्कृति र दार्शनिक चेतनाको आधारमा विकास भएको पाइन्छ । आज विश्वमा एउटा समृद्ध सभ्यताको मध्ये यस सभ्यतालाई समेत मान्ने गरिन्छ । खास गरी मिथिला क्षेत्रको समृद्धिको आयाममा यसको महत्वपूर्ण योगदान रहेको छ । यस सभ्यताको विस्तारको रुपमा तत्कालीन समयमा भातीय महाद्वीपबाट भएको पाइन्छ । त्यो समयमा नेपाल, बंगलादेश, श्रीलंका र दक्षिण पूर्वी एसियासम्म फैलिएको मानिन्छ ।

सिन्धु घाँटी सभ्यताका धेरै शहरहरूको भवन योजना, निर्माण विधि, जल निकासी प्रणाली निर्माण, इँटा, भाँडाकुँडा, आयुर्वेदिक औषधी, गहना, माला, नाप, तौलमा प्रयोग गरिन्छ । एकरूपता देख्न सकिन्छ । हडप्पा र मोहेनजोदारोको सन्दर्भमा, यो एकरूपता यो धेरै स्पष्ट छ । यी दुई शहरका भवनहरूको निर्माण प्रणाली, माटाका भाँडाकुँडा आकार, प्रकार र अलंकरणमा त्यस्तो कुनै भिन्नता छैन । जसको आधारमा यो भन्न सकिन्छ कि त्यो फलानो बस्तु मोहनजोदडोको हो र फलानो बस्तु हडप्पा नगरको हो । यद्यपि यो हो यो सत्य हो कि वास्तुसँग सम्बन्धित केही चीज विशेष रूपमा एक विशेष स्थानमा पाइन्छन् । यो आवश्यकता पूरा गर्नको लागि हुन सक्छ । रोचक कुरा के छ भने मोहेनजोदडो शहरमा धेरैपटक ध्वस्त र पुनर्बास भए तापनि, शहर योजना, अन्तिम चरणबाहेक, कुनै उल्लेखनीय परिवर्तन भएन । तर साझा आधारभूत एकतालाई स्वीकार गर्दा पनि अब केही क्षेत्रीय विशेषताहरू पनि स्वीकार गर्नुपर्नेछ । उदाहरणका लागि गुजरात यस सभ्यताको केही आधारभूत उपकरणहरूमा समानता भए पनि, धेरै यस्ता तत्वहरू जुन नयाँ छन् र सिन्धु सभ्यताको सामग्रीका केही तत्वहरू भेटिन्छन् । मोहनजोदडो र हडप्पामा प्रमुख रूपमा फेला परेका छन्, या त तिनीहरू त्यहाँ छैनन्, वा तिनीहरू धेरै दुर्लभ छन् ।

नगण्य रूपमा छन् । १९२१ सम्ममा, मेसोपोटामिया र इजिप्टका प्राचीन शहरहरू र बहुमूल्य सामग्रीहरू पत्ता लगाइएको थियो र यसैकारण उनलाई विश्वमा शहरी सभ्यताको पिताको श्रेय दिइएको थियो । सिन्धु सभ्यताका अवशेषहरू विशाल क्षेत्रमा ढिस्कोको रूपमा फेला परेका छन् । पुराण वस्तु शास्त्रीय हडप्पाको महान सांस्कृतिक केन्द्र राय बहादुर दयाराम सहनीले १९२१ ईस्वीमा पत्ता लगाएका थिए । अनि मोहेनजोदडोका राखलदास बनर्जीले सन् १९२२ मा यो काम गरेका थिए । सिन्ध क्षेत्रमा मजुमदार (१९२७–३१ ईस्वी बीच) र अरेल स्टेन द्वारा बलुचिस्तान र गेद्रोसिया क्षेत्रहरूमा गरिएका सर्वेक्षण र सीमित उत्खननहरूले सिन्धु उपत्यकाको बारेमा सुराग प्रदान गरेका छन् ।

सभ्यताका धेरै स्थलहरू पत्ता लागे । रतनतट्टा–प्रपीतिका चाडपर्वहरू मुख्यतया सिन्धु र यसको सहायक नदीहरू नजिकैको क्षेत्रमा पाइने सिन्धु अभयारण्य केर्थलहरूसँग मिल्दोजुल्दो छ ।

जानकारीका अनुसार यद्यपि बलुचिस्तानका केही संस्कृतिहरूमा यसको प्रभावको बारेमा विद्वानहरूले बहस गरेका छन् । सौराष्ट्रको आका र रंगपुर पनि सिन्धु घाटी सभ्यताको स्थल हुने सम्भावना धेरै छ । भनिन्छ कि भारतमा प्रारम्भिक सिन्धु सभ्यताको १ सय ७९ वटा स्थलहरू छन्, विकसित सिन्धु सभ्यताको १ सय ७९ स्थलहरू छन् । पाकिस्तानमा पछिल्ला सिन्धी सभ्यता र प्रारम्भिक हजका ५७० र ९८० स्थलहरू छन् ।

प्रारम्भिक सिन्धु सभ्यताको १२१, उन्नत सिन्धु सभ्यताको २९७, उन्नत सिन्धु संस्कृतिको ३१७ र पछिल्लो सिन्धु सभ्यताका ७१ वटा स्थलहरू पत्ता लगाइएका छन् । केही समय अघिसम्म यस सभ्यताको उत्तरी सिमाना रोपर (पञ्जाब) थियो । अब दानीले सुलेमान पर्वतको पूर्वी फेदमा रहेको गोमल उपत्यकामा धेरै स्थलहरू पत्ता लगाएका छन्, जसमध्ये गुम्ला विशेष गरी महत्त्वपूर्ण छ । तक्षशिला (रावलपिण्डी जिल्ला) नजिकै सराई खोला नामक स्थल फेला परेको छ । नर्मदा उपत्यकामा मेघम, तेलोद र भगतराव र दक्षिणमा ताप्ती नदीको तल्लो उपत्यकामा मालवन (जिल्ला सुरत) नामक ठाउँहरू थिए । यी ठाउँहरू समुद्रको नजिक छन् र व्यावसायिक रूपमा महत्त्वपूर्ण हुनुपर्छ । सबैभन्दा दक्षिणमा रहेको महाराष्ट्रको दैमाबाद हो । उत्तरमा जम्मूमा रिथम मण्डा छ । यमुनाको सहायक नदी हिंड्न नदीको किनारमा रहेको आलमगीरपुर (जिल्ला मेरठ, उत्तर प्रदेश) ले यसको पूर्वी सिमाना बनाउँछ । यो सभ्यता कराँचीबाट लगभग ५०० किलोमिटर टाढा पश्चिमी क्षेत्रमा मकरान समुद्री तटमा अवस्थित सुतकागेन्डोरसम्म फैलिएको थियो । उत्तरमा रहेको डाबरकोट (उत्तरी बलुचिस्तान) सिन्धु सभ्यताको एक महत्त्वपूर्ण स्थल हो । यद्यपि केही विद्वानहरूले सिन्धु सभ्यता कौशाम्बी र अझ पूर्वतिर फैलिएको विश्वास व्यक्त गरेका छन्, तर बलियो प्रमाणको अभावमा यो स्वीकार गर्न गाह्रो छ ।

केही पुरातत्वविद्हरू विश्वास गर्छन् कि गंगा उपत्यकामा एक विशाल बेसिन थियो । पुरातात्विक सर्वेक्षणले यस क्षेत्रमा सिन्धु सभ्यताको फैलावटमा प्रकाश पार्ने मात्र नभई सिन्धु सभ्यता र गंगा उपत्यका सभ्यता बीचको सम्बन्ध पनि स्थापित गर्नेछ । यसै सबै वस्तुनिष्ठ प्रमाणले के देखिन्छ भने जति समृद्धशाली नगरी पाइएको छ ती सबै कुनै न कुनै नदीको किनारमा नै पाइएको छ । यसले समेत सभ्यताको विकासमा नदीको महत्वपूर्ण योगदान रहेको छ ।

त्यसैगरी मिथिलाको भूभागको विकासमा समेत नदी एउटा महत्वपूर्ण रुपको रुपमा रहेको छ । किनभने मानवको जीवनको विकासमा नदीको विकास समेत महत्वपूर्ण रुपमा नै रहेको छ । चाहे त्यो सिन्धु सभ्यताको कुरा होस वा मिथिला सभ्यताको ती सबैको विकास पनि नदीको कारणबाट नै भएको छ । मिथिलालाई तिरहुत पनि भनिन्छ जसको नमाकरण तिरभुक्तबाट भएको विश्वास गरिन्छ । भारतीय लेखक तथा प्राध्यापक राधाकृष्ण चौधरीको ‘मिथिलाक इतिहास’ पुस्तकमा तीरभुक्ति नाम हुनका निम्नलिखित कारण बताइएको छ ।

कौशिकी, गङ्गा र गण्डकीसम्म यसको सीमा भएकाले यो क्षेत्रलाई तीरभुक्ति भनिएको हो ।

शाम्भकी, सुवर्ण र तपोवनद्वारा भुक्तमान भएको कारण यो क्षेत्रलाई तीरभुक्ति भनिएको हो ।

ऋक, यजु र साम तीनै वेदद्वारा आहुति दिने ब्राम्हणको निवास भएको कारण यो क्षेत्रलाई तीरभुक्ति भनिएको हो । यो पछि आएर त्रिआहुतिको अर्थबाट तिरहुत रूपमा लोक प्रचारित भएको हो । मिथिलाको सभ्यताको विकास समेत गण्डक नदीको किनारमा भएको मिथिलाको इतिहासकारको कथन रहेको छ ।

मिथिलाको सीमाको विषयमा यसरी वर्णन गरेको पाइन्छ ।

‘गंगाहिमवरतर्मध्ये नदी पंचदशा तरे ।

तैरभक्तिरितिक ख्याती देशः परमपावनः

कौशिककिन्तु समाएथ्या खण्डकोपछिगोप्य वै ।

योजनानि चतुर्दशीद् व्यायामः परिकोर्सितः

गंगाप्रवाहमासभ्य यावन्दैभावतं विनम्र ।

विस्तारः वोडिश प्रयोक्ता देशस्थ कुल नन्दन

मिथिला नाम नगरी समस्ते लोकविशुता ।

पंचभिः कारणोंः पुण्या विख्यात जगतीत्यो

त्यसकारणले मिथिलाको यसको विषयमा विस्तृत रुपमा चर्चा भएको पाइन्छ । आज पनि मिथिलाको क्षेत्रको विकासमा महत्वपूर्ण रुपमा वर्णन गरेको पाइन्छ । मिथिला क्षेत्रको नदीहरुको समय विस्तृत रुपमा नै वर्णन गरिएको पाइन्छ भने अर्कोतर्फ हरेक नदीको संरक्षणका लागि यसको धार्मिक रुपमा विकास भएको पाइन्छ । यसमा स्नान गर्दा यसखालको पुण्य प्राप्त हुने धार्मिक मान्यता रहेको छ । यस विषयमा विस्तृत रुपमा वर्णन भएको पाइन्छ । यिनै नदीमध्ये एउटा महत्वपूर्ण नदीको रुपमा दूधमतीको वर्णन मिथिला महात्ममा वर्णन पाइन्छ । भनिन्छ सीताको जन्म भएको समयमा कामधेनु गाई सीतालाई दूध खुवाउन ल्याइएको थियो । सोहीक्रममा गाईको दूध खाने क्रममा सीताको मुखबाट केही दूध बगेको र त्यो दूतमती नदीका रुपमा अवतरित भएको धार्मिक मान्यता रहेको छ । यसको उद्गमथलोका रुपमा धनुषाको महेन्द्रनगरबाट नै भएको छ । तर अहिले यो ऐतिहासिक महत्वको नदी आफनो अस्तित्वका लागि नै संघर्ष गरिरहेका छन् । कुनै समयमा नदी किनारमा साधु सन्तहरुको बासस्थान भजन गर्ने थलोको रुपमा रहेको थियो । निकै एकान्त र शुद्ध पानी बग्ने गरेको कारणले साधुहरु आफनो भजन गर्ने थलोको रुपमा यस स्थानलाई लिने गरेका थिए । तर विस्तारै अतिक्रमणको चेपेटमा परेको यो नदी कतिपले नदी मिचेर आफनो खेत बनाए । ननि बग्ने मुहानलाई नै समाप्त पार्ने खेलसमेत भए । तर कोही पनि यसलाई संरक्षणका लागि पहल गरेनन् । केही समय यता आएर मधेश प्रदेश सरकारले संरक्षणको लागि अगाडि आएको छ । आशा गरौँ, नदीले आफ्नो पुरानै वैभवलाई स्थापित गर्छ । यो मिथिलाको ऐतिहासिक धरोहरलाई सबैले जोगाउनुपर्ने आवश्यकता छ ।

# भिटामिनको चक्कीले डाक्टरकहाँ जानबाट बचाउन सक्छ ?

भिटामिन उद्योग दिनप्रतिदिन द्रुत गतिमा बढिरहेको छ र धेरै मानिसहरूले यसलाई आफ्नो स्वास्थ्यको महत्त्वपूर्ण भाग मान्न थालेका छन् । लन्डनस्थित बजार अनुसन्धान फर्म मिन्टेलका अनुसार, बेलायतका दुई तिहाइ उपभोक्ताहरूले भिटामिन, खनिज वा अन्य पूरकहरू लिन्छन् ।

अनि धेरै मानिसहरूले भिटामिनको कमीलाई ढाकछोप गर्न यसो गर्दैनन्, बरु यसले आफ्नो स्वास्थ्यमा सुधार ल्याउँछ भन्ने विश्वासका साथ भिटामिन चक्कीहरू लिन्छन् ।

बजारमा धेरै सप्लिमेन्टहरू उपलब्ध छन् र यीमध्ये धेरै सप्लिमेन्टहरू विभिन्न भिटामिन र खनिजहरू अर्थात् मल्टिभिटामिनहरूको मिश्रण हुन् र यी मध्ये कुन तपाईंको लागि फाइदाजनक छ भनेर जान्न गाह्रो छ । वास्तवमा, स्वस्थ रहनको लागि मूलतः १३ भिटामिन आवश्यक पर्दछ, तर के ती पूरकको रूपमा लिनुपर्छ? भिटामिन दुई प्रकारका हुन्छन्, बोसोमा घुलनशील र पानीमा घुलनशील ।बोसोमा घुलनशील भिटामिनहरू (भिटामिन ए, डी, ई, र के) तपाईंको शरीरमा जम्मा हुन्छन्, त्यसैले तपाईंले दैनिक चक्की नखाई तिनीहरूको स्तर कायम राख्न सक्नुहुन्छ । तिनीहरूलाई सेवन गर्दा अत्यधिक मात्रा हुन सक्छ, त्यसैले तिनीहरूलाई ठूलो मात्रामा लिनु हुँदैन ।

पानीमा घुलनशील भिटामिनहरू (भिटामिन सी र बी, जस्तै फोलिक एसिड) शरीरमा भण्डारण गर्न सकिँदैन, त्यसैले तिनीहरूलाई सन्तुलित मात्रामा सेवन गर्न आवश्यक छ ।

तर यदि यी भिटामिनहरू बढी मात्रामा लिइयो भने, बढी मात्रामा पिसाबको माध्यमबाट बाहिर निस्कन्छ। यद्यपि , कलेजोले भिटामिन बी भण्डारण गर्न सक्छ । केही मल्टिभिटामिन ट्याब्लेटहरूमा विशेष गरी क्याल्सियम, जिंक र फलाम जस्ता खनिजहरू हुन्छन्। ठूलो मात्रामा लिनुपर्ने अवस्था नभएसम्म, तपाईंले आफ्नो खानाबाट यी तीन खनिजहरूको पर्याप्त मात्रा प्राप्त गर्नुहुन्छ ।





बलियो हड्डीको लागि क्याल्सियम आवश्यक छ र तपाईंलाई हरेक दिन ७०० मिलीग्राम चाहिन्छ ।

जिंक तपाईंको प्रतिरक्षा र पाचन प्रणालीको लागि महत्त्वपूर्ण छ । महिलाहरूलाई दैनिक ७ मिलीग्राम र पुरुषहरूलाई ९.५ मिलीग्राम चाहिन्छ । खानाबाट ऊर्जा निकाल्न र रगतमा अक्सिजन ढुवानी गर्न फलाम आवश्यक पर्दछ । १९ देखि ५० वर्ष उमेर समूहका महिलाहरूलाई दैनिक १४.८ मिलीग्राम आइरन चाहिन्छ भने पुरुषहरूलाई ८.७ मिलीग्राम आइरन चाहिन्छ ।

बेलायतको सरकारी स्वास्थ्य एजेन्सी, एनएचएसले बेलायतमा बस्ने मानिसहरूले शरद ऋतु र जाडोमा भिटामिन डी सप्लिमेन्ट लिनुपर्ने बताएको छ । भिटामिन डी ले क्याल्सियमको अवशोषणमा मद्दत गर्छ जुन बलियो र स्वस्थ दाँत, हड्डी र मांसपेशीहरूको लागि आवश्यक छ । यसले हामीलाई फस्फेट र म्याग्नेसियम अवशोषित गर्न पनि मद्दत गर्छ । कम भोक लाग्ने वा वृद्धवृद्धाहरूलाई केही विशेष मल्टिभिटामिनहरू सेवन गर्नाले फाइदा हुन सक्छ। यस विषयमा तपाईंले आफ्नो डाक्टरसँग परामर्श गर्नुपर्छ ।वृद्धवृद्धा वा घरमै सीमित रहेकाहरूले वर्षभरि भिटामिन डी सप्लिमेन्टहरू साथै क्याल्सियम पनि खानुपर्छ । यदि तपाईं आहारमा हुनुहुन्छ र जीवनशैली परिवर्तनको भागको रूपमा वा तौल घटाउनको लागि केही खानेकुराहरूबाट आफूलाई प्रतिबन्धित गर्नुभएको छ भने, तपाईंले त्यो विशेष खानाबाट प्राप्त हुने पोषक तत्वहरूलाई प्रतिस्थापन गर्न सक्ने पूरकबाट लाभ उठाउन सक्नुहुन्छ । यदि तपाईं धेरै कम क्यालोरी भएको आहारमा हुनुहुन्छ भने, मल्टिभिटामिन लिनु फाइदाजनक हुन सक्छ। यहाँ केही आहारहरू छन् जसलाई पूरक आहारको आवश्यकता पर्न सक्छ ।

यदि तपाईं दुग्धजन्य उत्पादनहरूबाट बच्दै हुनुहुन्छ भने क्याल्सियम सप्लिमेन्ट वा क्याल्सियम ट्याब्लेट तपाईंको लागि लाभदायक हुन सक्छ । पूर्णतया शाकाहारी र दुग्धजन्य पदार्थ नखाने शाकाहारीहरूलाई भिटामिन बी१२ र क्याल्सियमको कमीको जोखिम हुन्छ, त्यसैले यी पोषक तत्वहरूको लागि पूरकहरू लिन सिफारिस गरिन्छ ।महिनावारीको समयमा गम्भीर कमजोरीबाट ग्रस्त हुने केटीहरू र महिलाहरूमा आइरनको कमी हुन सक्छ । बेलायतको राष्ट्रिय आहार तथा पोषण सर्वेक्षणका अनुसार, ३५ देखि ४९ वर्ष उमेर समूहका ४.८% महिलाहरूमा फलामको कमीका कारण रक्तअल्पता देखिएको छ भने १२.५% महिलाहरूमा फलामको भण्डार कम रहेको छ। तर आइरन ट्याब्लेट खानुअघि डाक्टरसँग परामर्श अवश्य लिनुहोस् ।गर्भावस्थाको पहिलो १२ हप्तामा फोलिक एसिड पूरकहरू लिन सिफारिस गरिन्छ। यसले उनीहरूका बच्चाहरूमा स्नायु ट्यूब दोषहरूको जोखिम कम गर्छ ।चिसो र फ्लूबाट बच्न मानिसहरूले वर्षौंदेखि भिटामिन सी लिँदै आएका छन् । यसलाई सुपरफुडको दर्जा दिइएको छ किनभने यो एक प्रकारको एन्टी–अक्सिडेन्ट पनि हो ।यद्यपि, यसले संक्रमण, रोग, वा रुघाखोकीको प्रारम्भिक लक्षणहरूलाई रोक्न सक्छ भन्ने कुराको थोरै प्रमाण छ ।शरीरले अत्यधिक भिटामिन सी भण्डारण गर्न नसक्ने भएकोले, यदि तपाईंले यसको धेरै सेवन गर्नुभयो भने, यो पिसाब मार्फत बाहिर निस्कन्छ । भिटामिन सी सामान्यतया फलफूल र तरकारीमा पाइन्छ ।एउटा सुन्तलामा लगभग ७० मिलीग्राम भिटामिन सी हुन्छ, त्यसैले यसको कमी सामान्यतया हुँदैन । भिटामिन र खनिजको आवश्यकता प्रत्येक व्यक्तिको लागि फरक हुन्छ। यो तपाईंको उमेर, तपाईंको गतिविधि स्तर, लिङ्ग, र अन्य कुराहरूमा निर्भर गर्दछ ।

धेरैजसो विज्ञहरू विश्वास गर्छन् कि हामीले स्वस्थ र सन्तुलित आहारबाट सबै भिटामिन र खनिजहरू पाउँछौं, भिटामिन डी मात्र अपवाद हो । यद्यपि, राष्ट्रिय आहार र पोषण सर्वेक्षणले केही व्यक्तिहरूले मानक आहार लिन र पूरकहरूद्वारा यसको क्षतिपूर्ति गर्न सुरु गर्न असमर्थ रहेको बताएको छ । बरु, उनीहरूले आफ्नो आहारमा सुधार गर्नुपर्छ र स्वस्थ रहन पाँच प्रकारका फलफूल र तरकारीहरू आफ्नो आहारमा समावेश गर्नुपर्छ ।

# डिजिटल कुलतबाट आफू र बालबालिकालाई बचाउन हेर्नैपर्ने चलचित्र ‘झिल्को’

भेषराज कार्की



जसरी सानो ‘झिल्को’ ले ठूलो आगलागी निम्त्याउन सक्छ, त्यसरी नै डिजिटल कुलतको सानो लतले व्यक्ति, समाज र परिवारमा गम्भीर असर पार्न सक्छ । ‘झिल्को’ चलचित्र यही यथार्थमा आधारित छ । यसले डिजिटल कुलतको सुक्ष्म रूप र त्यसले पार्ने प्रभावलाई मार्मिक ढङ्गले प्रस्तुत गरेको छ । आज मोबाइल हाम्रो जीवनको अभिन्न अङ्ग बनिसकेको छ । एक समय सम्पर्कको माध्यममात्र रहेको मोबाइल अहिले हाम्रो जीवनशैलीलाई नै निर्देशित गर्ने शक्तिशाली औजार बनेको छ । दुःखको कुरा, यसको कुलतमा बालबालिका पनि फस्दै गइरहेका छन् । ‘झिल्को’ले यही ज्वलन्त समस्यालाई उजागर गरेको छ ।

निर्देशक यादव भट्टराईले बालबालिकामा बढ्दो डिजिटल कुलतको गम्भीर समस्यालाई चलचित्र ‘झिल्को’मार्फत उजागर गर्नुभएको छ । आजभोलि खाना खानुभन्दा अगाडि मोबाइल चलाउने, अनलाइन गेम खेल्ने र युट्युबमा ‘भिडियो’हरू हेर्ने बानी बालबालिकाका लागि सामान्यजस्तै भइसकेको छ ।

चलचित्रमा यिनै विषयवस्तु र त्यसले पार्ने नकारात्मक असरलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ । यस चलचित्रमा आयुषी ढकाल, विशाल पोखरेल, वर्षा सिवाकोटी र सुनिल पोखरेलजस्ता कलाकारले सशक्त अभिनय गर्नुभएको छ, जसले कथालाई जीवन्त बनाएको छ ।

अभिभावकहरूले पनि बालबालिकाको मोबाइल प्रयोगलाई सामान्य ठानेर बेवास्ता गर्दा भविष्यमा यसले कस्तो गम्भीर रूप लिन सक्छ भन्ने कुरा ‘झिल्को’ चलचित्रले चित्रण गरेको छ । चलचित्रमा एक पत्रकारको सुखी र खुसी परिवारको कथा छ, जहाँ उहाँको श्रीमती र छोरी छिन् । तर, यही सुखी परिवारमा डिजिटल कुलतको सानो ‘झिल्को’ कसरी सल्किन्छ र त्यसले कस्तो असर पुर्याउँछ भन्ने कुरालाई चलचित्रमा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । यसले समयमै सचेत नभए परिवारमा आउन सक्ने सम्भावित खतरालाई उजागर गर्छ ।

प्रविधिमैत्री यो समयमा डिजिटल कुलतबाट आफू जोगिनु र आफ्ना बालबालिकालाई जोगाउनु एउटा ठूलो चुनौती बनेको छ । सुरूमा सामान्य लाग्ने यो लतले भविष्यमा परिवारमात्र नभई सामाजिक सम्बन्धमा समेत नकारात्मक असर पार्न सक्छ भन्ने कुरा ‘झिल्को’ चलचित्रले स्पष्ट रूपमा देखाएको छ । टेलिश्रृंखलाबाट चलचित्रमा प्रवेश गर्नुभएका अभिनेता पोखरेलले यस चलचित्रमा काम गर्दा आफूले डिजिटल कुलतजस्तो महत्त्वपूर्ण विषयमा नयाँ ज्ञान प्राप्त गरेको बताउनुभयो ।

‘अहिले मैले आफूलाई डिजिटल कुलतबाट केही भए पनि बाहिर ल्याउन सकेको जस्तो लागेको छ । यो चलचित्रमा अभियन गर्नु अगाडि र अहिलेको सोचमा निकै परिवर्तन आएको छ । यसबाट हामीभन्दा नयाँ पुस्ता र विशेषगरी बालबालिकालाई बचाउनु जरूरी छ । म आफैँले पनि पछिल्लो समय दैनिकीमा परिवर्तन ल्याएको छु,’ उहाँले भन्नुभयो ।

अभिनयको सुरू समयमा अभिनेता पोखरेलले ‘जीवनचक्र’ जस्तो स्वास्थ्य विषयमा आधारित टेलिश्रृङ्खलामा काम गर्नुभएको थियो । तर, डिजिटल कुलतको विषयमा उहाँले समेत बुझ्नुभएको रहने छ । टेलिश्रृङ्खलासँगै केही चलचित्रमा काम गरिसक्नुभएका अभिनेता पोखरेललाई निर्देशक यादव भट्टराईसँग भेट्ने प्रस्ताव आयो । अभिनेता पोखरेल भने सानो पर्दा अर्थात् टेलिश्रृङ्खलामा काम नगर्ने सोचका साथ भेट्ने उद्देश्यले मात्र पुग्नुभयो ।

‘मलाई टेलिश्रृंखला वा आफू देखिनमात्र काम गर्नु थिएन । किनकि मैले धेरै काम गरिसकेको थिएँ । तर, निर्देशक भट्टराईले डिजिटल कुलतको विषयमा चर्चा गर्नुभएपछि म नै उक्त विषयमा सोच्न बाध्य भएँ । किनकि यस्तो विषयलाई अनुसन्धान गरेर चलचित्रमा ल्याइएको छैन,’ अभिनेता पोखरेलले भन्नुभयो ।

नेपालमा पछिल्लो समय सामाजिक सञ्जाल प्रयोगकर्ता बढेका छन् । मोबाइल चलाउनु दैनिकीको हिस्सा बनिसकेको छ । अहिले सामाजिक सञ्जालमा ‘झिल्को’ बनेर फैलिने खबरले न्यायालयभन्दा अगाडि फैसला सुनाइसक्छ । एउटा सानो श्रव्यदृश्य वा कसैले केही लेखेकै भरमा डिजिटल माध्यमले मानिसलाई गर्ने असरलाई पनि चलचित्रले समेटेको छ । यी सबको विषयमा जानकारी पाएपछि अभिनेता पोखरेलले आफैं सामाजिक सञ्जालमा उपस्थिति कम गर्नुभयो । आफ्नो घरमा बच्चालाई डिजिटल उपकरणसँग निकै कम पहुँच दिन थाल्नुभयो । यसले विस्तारै आएको परिवर्तनलाई उहाँले महसुस गर्नुभएको छ ।

‘अहिले मेरो घरमा राति सुत्ने बेलामा लगभग ११ बजे ‘वाइफाइ राउटर’ बन्द हुन्छ । त्यो बिहानमात्र खुल्छ । मैले सुरूमा बच्चालाई मनाउन कठिनाइको सामना गर्नुपरे पनि विस्तारै उनीहरूको दिनचर्या र शैलीमा परिवर्तन आउन थालेको छ । यो चलचित्रको उद्देश्य ‘भर्चुअल संसार’ बाट बाहिर निकालेर वास्तविक संसारमा रमाउन सिकाउनु हो । यसका लागि बालबालिकामात्र दोषी छैनन् किनकि उनीहरूलाई मोबाइलको पहुँच दिलाउने हामी अभिभावक नै हौं,’ अभिनेता पोखरेलले भन्नुभयो ।

कोभिड–१९ का कारण भएको बन्दबन्दीमा बालबालिकाले प्रविधिको सहायताले कक्षा लिए । ‘अनलाइन क्लास’का कारण धेरै बालबालिकासम्म मोबाइल पुग्यो । तर, त्यसबाट फिर्ता ल्याउन वा मोबाइलको लत छुटाउन अभिभावकले ध्यान दिएनन् । जसकारण त्यो विस्तारै लतमा परिणत भएको बुझाई अभिनेता पोखरेलले सुनाउनुभयो ।

‘हामीले पनि घरमा हुँदा वा बालबालिकासँग हुँदा ‘भर्चुअल वल्र्ड’ त्यागेर उनीहरूसँग रमाउन सक्नुपर्छ । हामी मोबाइल चलाउने अनि बालबालिकालाई हुँदैन भन्ने भो भने त्यसले समाधान दिँदैन, त्यसैले हामी अभिभावक पनि सच्चिनु जरूरी छ । सुरूआत हामीबाट हुनुपर्छ अनि त्यसको नतिजा राम्रो आउँछ,’ उहाँले भन्नुभयो । मिडिया फर कल्चर प्रालिको निर्माणमा तयार भएको चलचित्र ‘झिल्को’ वैशाख १९ गतेबाट देशभर प्रदर्शन भइरहेको छ । उक्त चलचित्रमा निर्देशक भट्टराईसँगै अरूणदेव जोशी र देव व्रतले कथा लेखनको काम गर्नुभएको छ ।

डिजिटल कुलतले बालबालिकाको जीवन, पारिवारिकसम्बन्ध र सामाजिक स्वास्थ्यमा पार्ने असरमाथि केन्द्रित चलचित्रले आजको समयका यथार्थ र संवेदनशील विषयवस्तु उजागर गरेको दर्शकको भनाइ छ । चलचित्र हेराउन केही अभिभावक बालबालिका लिएर चलचित्र भवन पुगिरहेका छन् । अर्थात् चलचित्र निर्माणको उद्देश्य केही हदसम्म पूरा हुँदैछ ।

‘चलचित्र हेरिसक्नुभएकाले यसलाई सपरिवार हेर्नुपर्ने धारणा राख्दै केही आफ्नो परिवार नै लिएर चलचित्र भवनमा आउनुभएको पाएका छौँ । हाम्रो उद्देश्य नै यही हो । डिजिटल कुलतका बारेमा अभिभावकले बुझेमात्र बालबालिकालाई जोगाउन सकिन्छ । यसको विषयवस्तु विशेषगरी अभिभावकीय बेवास्ता, स्मार्टफोनको दुरूपयोग र डिजिटल प्रविधिका कारण निम्तिने पारिवारिक विखण्डनसँग जोडिएको छ । त्यसकारण यो अभिभावक र बालबालिका दुवैका लागि उपयोगी बनेको छ,’ उहाँले भन्नुभयो ।

नेपाली समाजका गम्भीर समस्यालाई केन्द्रमा राखेर निर्देशक यादव भट्टराईले यसअगाडि ‘झोला’ र ‘भोर’ चलचित्र तयार गरिसक्नुभएको छ । नेपाली समाजमा एक समय विद्यमान अमानवीय सति प्रथालाई केन्द्रमा राखेर तयार भएको ‘झोला’ र मधेस क्षेत्रको सामाजिक यथार्थमा आधारित कथामा तयार गरिएको ‘भोर’ले निर्देशक भट्टराईलाई फरक निर्देशकका रूपमा चित्रण गरिसकेको छ ।

‘डिजिटल कुलतले हाम्रो जीवनशैलीलाई विकृत बनाइरहेको छ । मानिसहरू परिश्रमभन्दा सजिलो मार्ग खोज्दै ‘भर्चुअल’ दुनियाँमा हराइरहेका छन् । हामी चलचित्रकर्मीको दायित्व मनोरञ्जनसँगै समाजमा असर गरिरहेको गलत प्रवृत्तिमा प्रश्न गर्नु पनि हो । मैले आफ्नो दायित्वलाई बुझेर डिजिटल कुलतको विषय चलचित्रमा उठाएको हुँ,’ निर्देशक भट्टराईले भन्नुभयो ।

यसलाई केवल विद्यार्थीले मात्र होइन, हरेक अभिभावक, शिक्षक, विद्यालयका प्रमुखले समेत हेर्नुपर्ने दर्शकले विश्लेषण गरेका छन् । चलचित्र हेरिसक्नुभएकाले दिइरहनुभएको प्रतिक्रियाले कलाकारिता यात्रामा ‘झिल्को’ ले आफूलाई सन्तुष्टि दिएको अभिनेता पोखरेलले बताउनुभयो ।

‘मैले अभिनय गर्न खोजेको चलचित्र यही हो । किनकि मैले जसरी टेलिश्रृङ्खलामार्फत जनचेतना फैलाउने काम गरेको थिएँ, यो चलचित्र आउँदा केही वर्षसम्म देखाउन र चर्चा गर्न सकिने बनेको छ । मैले कलाकारिता यात्रामा के गरेभन्दा ‘झिल्को’जस्तो चलचित्रमार्फत डिजिटल कुलतको विषय उठाएको थिएँ भन्न सक्छु । यो चलचित्रलाई विस्तारै हामीले विद्यालय र स्थानीय तहसम्म लाने छौं,’ अभिनेता पोखरेलले भन्नुभयो ।

‘झिल्को’ चलचित्रले विशेषगरी डिजिटल कुलतका कारण र त्यसले निम्त्याउने नकारात्मक असरलाई उजागर गरेको छ । यही कारणले पनि अभिभावकले आफ्ना बालबालिकालाई यो चलचित्र देखाउन चलचित्र भवनसम्म पुग्नु आवश्यक छ । के थाहा, चलचित्रमा देखाइएजस्तै डिजिटल कुलतको सानो ‘झिल्को’ कतै तपाईंको परिवारमा त पनि सल्किरहेको छैन ? यो चलचित्रले समयमै सचेत हुन र आवश्यक कदम चाल्न प्रेरित गर्छ ।

# न्युजिल्यान्डमा अझै पनि मानिसभन्दा भेडा बढी



न्युजिल्यान्डको कम मानव जनसङ्ख्याको तुलनामा भेडाहरूको विशाल सङ्ख्या लामो समयदेखि विदेशमा रहेका न्युजिल्यान्डीहरूलाई लक्षित गरिएका ठट्टाहरूको विषय रहँदै आएको छ ।

यो सत्य होः यो देश विश्वका केही देशमध्ये एक हो जहाँ अझै पनि मानिस भन्दा बढी भेडाहरू छन् ।

तर मङ्गलबार सार्वजनिक गरिएको नयाँ तथ्याङ्कहरूअनुसार मानिसहरूले उनीहरूलाई भेट्दैछन् ।

सरकारी तथ्याङ्क निकायको तथ्याङ्कअनुसार दुई करोड ३६ लाख भेडा र ५३ लाख मानिसको जनसङ्ख्या भएको देशमा प्रत्येक न्युजिल्यान्डवासीका लागि करिब ४.५ भेडा छन् ।

यो सन् १९८२ मा प्रतिव्यक्ति २२ भेडाबाट घटेको हो । त्यसबेला मासु र ऊनका लागि भेडापालन न्युजिल्यान्डको सबैभन्दा ठूलो आम्दानीको स्रोत थियो ।

अब सिन्थेटिक फाइबरहरूतर्फको विश्वव्यापी बदलावले ऊनको मूल्यमा आएको वर्षौंको गिरावटले किसानहरूलाई आफ्नो जमिनमा के गर्ने भन्ने कुरा परिवर्तन गर्न बाध्य पारेको क्षेत्रको सबैभन्दा ठूलो लबी समूहले बताएको छ ।

## घट्दो बथान

भौगोलिक क्षेत्रफलका हिसाबले न्युजिल्यान्ड बेलायतको आकारको लगभग समान छ, तर यसको जनसंख्या बेलायतको भन्दा १३ गुणा कम छ । यसको अर्थ भेडाहरूका लागि प्रशस्त ठाउँ छ ।

करिब एक सय ५० वर्षसम्म भेडापालन उद्योग न्युजिल्यान्डको अर्थतन्त्रको मेरुदण्ड थियो र संख्या बढ्दै गयो । सन् १९८२ मा चरमोत्कर्षमा पुगेको थियो जतिबेला ७० लाखभन्दा बढी भेडा र ३२ लाख मानिस थिए ।

‘लर्ड अफ द रिङ्ग्स’ ले देशमा पर्यटकहरूको लहर ल्याउनुअघि हिउँले ढाकेका पहाडहरूको पृष्ठभूमिमा शान्त भेडाहरू भएका हरियो खेतहरूको चित्रणले देशको विदेशी बजारीकरणमा प्रभुत्व जमाएको थियो ।

तर त्यसयताका वर्षहरूमा विश्वव्यापी ऊनको मूल्यमा आएको गिरावट र हालैका तेजीका बावजुद राष्ट्रिय बथान क्रमिक रूपमा घटेको छ ।

अहिले डेरी उद्योगले न्युजिल्यान्डको कृषि र बागवानी–प्रधान निर्यात बजारको सबैभन्दा ठूलो हिस्सा ओगटेको छ ।

## किसानहरूको नयाँ प्रयास

सन् २०२३ मा सरकारी निकाय स्ट्याट्स एनजेडले न्युजिल्यान्डले सन् २०२२ मा पहिलो पटक प्रतिव्यक्ति पाँचभन्दा कम भेडाको सङ्ख्या भएको बताएको थियो ।

सन् २०२४ जुनसम्मका पशुधन सङ्ख्या रेकर्ड गरेको राष्ट्रिय बथानले मङ्गलबारको आँकडामा थप १० लाख भेडा गुमाएको थियो ।

क्षेत्रीय लबिङ समूह फेडरेटेड फार्मर्सका प्रवक्ता टोबी विलियम्सले भेडा किसानहरू डेरी वा कार्बन अफसेट बेच्नका लागि खेतीबाट पाइन वनमा जमिनको रूपान्तरण गर्दै अधिक फाइदाजनक व्यवसायतर्फ बदलिएको बताउनुभयो ।

‘यदि म साँच्चै इमानदार हुँ भने, ऊन उद्योग लगभग त्यो टिपिङ्ग पोइन्टमा छ, यदि पहिले नै छैन भने, अब ऊन उद्योग नहुने अवस्थामा पुगेको छ,’ उहाँले भन्नुभयो ।

## ऊनलाई बलियो बनाउने उपायहरूः

सरकारले घट्दो संख्यालाई कम गर्नका लागि उपायहरू तयार गरेको छ । यसमा सन् २०२४ मा उनीहरूले कार्बन वनमा रूपान्तरण गर्न सकिने खेतीयोग्य जमिनको सीमा तोक्ने घोषणा समावेश छ ।

अप्रिलमा शुरु गरिएको नयाँ सरकारी खरिद निर्देशिकामा नयाँ निर्माण वा पुनर्निर्माण गरिएका सार्वजनिक भवनहरूमा न्युजिल्यान्डको ऊन उत्पादनहरू – जस्तै कार्पेट र इन्सुलेशन – को प्रयोग गर्न आग्रह गरिएको छ । तर ती उपायहरूले घट्दो भेडाको संख्या रोक्ने अपेक्षा गरिएको छैन ।

केही भेडापालन गर्ने देशले यस्तै प्रवृत्ति देखिरहेका छन् । न्युजिल्यान्डवासीहरूको बारेमा धेरैजसो भेडा ठट्टाहरूको स्रोत रहेको छिमेकी अस्ट्रेलियामा पनि मानिसभन्दा बढी भेडाहरू छन्, तर त्यहाँ पनि राष्ट्रिय बथान घट्दै गएको छ ।

अन्तर पाताले छः अस्ट्रेलियामा प्रतिव्यक्ति करिब तीन भेडा छन् । एएफपी

# हिमाल पग्लिनुमा कसको जिम्मेवारी ?



एमपी यादव

सगरमाथाको काखमा उभिएर कतारकी राजकुमारी आश्मा अलथानीले हिमालमा हिउँ हराउँदै गएको र 'हिमालमा जीवन छैन' जस्तो अनुभव भएको बताउँदा उहाँले विश्व समुदायको ध्यान जलवायु परिवर्तनको गम्भीर समस्यातर्फ खिच्नुभयो । उहाँको यो चिन्तालाई संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सन् २०२३ मा नेपालको हिमालय क्षेत्रको भ्रमणका क्रममा पनि दोहो¥याउनुभयो । गुटेरेसले सगरमाथा क्षेत्रको भ्रमण गर्दै नेपालले पछिल्लो ३० वर्षमा आफ्नो एक तिहाइ हिउँ गुमाएको तथ्यलाई उजागर गर्नुभयो । उहाँले यो सङ्कटलाई 'जलवायु परिवर्तनको भयावह अन्याय' र 'जीवाश्म इन्धन युगको कठोर अभियोग' भन्नुभयो । हिमाल पग्लिनु केवल नेपालको समस्या होइन, यो विश्वव्यापी सङ्कट हो । तर, यो सङ्कटको मुख्य जिम्मेवारी कसको हो ? यो प्रश्नले विश्वका ठूला अर्थतन्त्रहरू, ऐतिहासिक उत्सर्जन, नेपालको भूमिका र हाम्रो साझा भविष्यलाई जोड्छ ।

जलवायु परिवर्तन र हिमाल पग्लिनु

हिमाल पग्लिनुको प्रमुख कारण हरितगृह ग्यास उत्सर्जन हो, जसले पृथ्वीको तापक्रमलाई अस्वाभाविक रूपमा बढाइरहेको छ । कार्बन डाइअक्साइड, मिथेन र नाइट्रस अक्साइडजस्ता ग्यासहरू औद्योगिक गतिविधि, ऊर्जा उत्पादन, यातायात, कृषि र वन विनाशबाट उत्सर्जन हुन्छन् । यी ग्यासहरूले वायुमण्डलमा ताप अवशोषण गर्ने तह बनाउँछन्, जसले विश्वव्यापी तापमान वृद्धिलाई तीव्र बनाउँछ । हिमालय क्षेत्रमा तापमान वृद्धिको प्रभाव स्पष्ट छ, जहाँ हिउँ र हिमनदीहरू तीव्र गतिमा पग्लिरहेका छन् ।

विश्व बैङ्कको तथ्याङ्कअनुसार, हाल विश्वको सबैभन्दा ठूलो कार्बन उत्सर्जक देश चीन हो, जसले विश्वको कुल कार्बन डाइअक्साइड उत्सर्जनको करिब ३० प्रतिशत हिस्सा ओगट्छ । भारत चौथो स्थानमा छ, जसको हिस्सा करिब सात प्रतिशत छ । यी दुवै देश ठूला अर्थतन्त्र र औद्योगिक शक्ति भएका कारण तिनको उत्सर्जनले हिमाल पग्लिनुमा ठूलो भूमिका खेलेको छ । चीनको कोइला–आधारित ऊर्जा उत्पादन, तीव्र शहरीकरण र औद्योगिक विस्तारले कार्बन उत्सर्जनलाई बढाएको छ । त्यस्तै, भारतको बढ्दो जनसङ्ख्या, सवारीसाधनको प्रयोग र औद्योगिक गतिविधिले पनि हरितगृह ग्यासको मात्रा थपिरहेको छ ।

हिमालय क्षेत्रमा हिमाल पग्लिनुले हिमताल विस्फोट, बाढीपहिरो र पानीको स्रोतमा कमीजस्ता समस्याहरू निम्त्याएको छ । उदाहरणका लागि, नेपालको थामे गाउँमा गत वर्ष हिमताल फुट्दा आएको बाढीले दर्जनौँ घर विस्थापित भए, विद्युत् संरचना ध्वस्त भयो, सडक सञ्जाल टुट्यो र बालबालिकाको शिक्षामा बाधा पुग्यो । यस्ता घटनाहरूले हिमाल पग्लिनुको प्रत्यक्ष र विनाशकारी प्रभावलाई प्रस्ट पार्छ ।

ऐतिहासिक जिम्मेवारीः विकसित देशहरूको भूमिका

हिमाल पग्लिनुको जिम्मेवारीलाई केवल हालका ठूला उत्सर्जक देशहरूमा सीमित गर्नु पूर्ण रूपमा न्यायसङ्गत हुँदैन । विकसित देशहरू, विशेषगरी संयुक्त राज्य अमेरिका, युरोपेली सङ्घ र जापान, ऐतिहासिक रूपमा ठूला उत्सर्जकहरू हुन् । विश्व रिसोर्सेस इन्स्टिच्युटको तथ्याङ्कअनुसार, १८५० देखि २०११ सम्मको कुल कार्बन डाइअक्साइड उत्सर्जनमा संयुक्त राज्य अमेरिकाको हिस्सा करिब २७ प्रतिशत र युरोपेली सङ्घको २५ प्रतिशत छ । यी देशहरूले औद्योगिक क्रान्तिको समयमा ठूलो मात्रामा कार्बन उत्सर्जन गरे, जसको प्रभाव अहिले हिमाल पग्लिनु र अन्य जलवायु सङ्कटका रूपमा देखापरिरहेको छ ।

हाल पनि विकसित देशहरूको प्रतिव्यक्ति कार्बन उत्सर्जन विकासशील देशहरूको तुलनामा निकै उच्च छ । उदाहरणका लागि, अमेरिकाको प्रतिव्यक्ति कार्बन डाइअक्साइड उत्सर्जन करिब १५ टन छ, जबकि भारतको १.९ टन मात्र छ । यस्तो असमान उत्सर्जनले विकसित देशहरूको जीवनशैली र उपभोग ढाँचाले जलवायु परिवर्तनमा ठूलो योगदान दिएको देखाउँछ । उच्च मासु उपभोग, विलाशितापूर्ण जीवनशैली र ऊर्जा–खपत गर्ने प्रविधिहरूले यी देशहरूको कार्बन फुटप्रिन्टलाई बढाएको छ । त्यसैले, हिमाल पग्लिनुको जिम्मेवारीमा ऐतिहासिक र वर्तमान दुवै दृष्टिकोणबाट विकसित देशहरूको ठूलो भूमिका छ ।

नेपालजस्ता देशको असमान बोझ

नेपालजस्ता साना र कम उत्सर्जन गर्ने देशहरू जलवायु परिवर्तनको सबैभन्दा ठूलो मारमा परेका छन् । नेपालको कुल कार्बन डाइअक्साइड उत्सर्जन विश्वको ०.१ प्रतिशतभन्दा कम छ, तर हिमाल पग्लिनु, हिमताल विस्फोट, बाढीपहिरो र पानीको स्रोतमा कमीको प्रत्यक्ष असर यहीँका समुदायहरूले भोगिरहेका छन् । हिमालय क्षेत्रका हिमनदीहरू पग्लिंदा नेपाल, भूटान र भारतका हिमाली बस्तीहरूमा बाढी, पहिरो र खडेरीको जोखिम बढेको छ । यी प्रकोपहरूले स्थानीय समुदायको जीविकोपार्जन, कृषि र पूर्वाधारमा गम्भीर क्षति पु¥याएको छ ।

थामे गाउँको उदाहरणले यो असमान बोझलाई प्रस्ट पार्छ । हिमताल फुट्दा आएको बाढीले गाउँको अधिकांश संरचना ध्वस्त भएको थियो ।

विद्यालय, स्वास्थ्य केन्द्र र सडकहरू नष्ट हुँदा स्थानीय बासिन्दाहरूको जीवन कठिन बनेको छ । यस्ता घटनाहरूले नेपालजस्ता देशहरूले आफ्नो नियन्त्रणबाहिरको सङ्कटको मूल्य चुकाउनु परेको देखाउँछ । संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेसले पोखराको प्रेस सम्मेलनमा अन्तरराष्ट्रिय समुदायलाई प्रभावित समुदायहरूको संरक्षण र अनुकूलनका लागि कोष वृद्धिको आह्वान गरे ।

नेपालको भूमिका

नेपालले जलवायु परिवर्तन र हिमाल पग्लिनुको सङ्कटलाई सम्बोधन गर्न सीमित स्रोतका बाबजुद महत्वपूर्ण प्रयासहरू गरेको छ । नेपालले अन्तरराष्ट्रिय मञ्चहरूमा जलवायु परिवर्तनको असमान प्रभाव र हिमाली क्षेत्रको संरक्षणको मुद्दालाई जोडदार रूपमा उठाउँदै आएको छ । पेरिस सम्झौतामा हस्ताक्षरकर्ता राष्ट्रका रूपमा नेपालले सन् २०४५ सम्ममा शुद्ध शून्य उत्सर्जन हासिल गर्ने प्रतिबद्धता जनाएको छ । सगरमाथा संवादजस्ता पहलहरूले नेपालको जलवायु कूटनीतिलाई विश्वमाझ स्थापित गरेको छ, जुन सन् २०२५ मा मे १६–१८ मा आयोजना हुँदैछ ।

नेपाल सरकारले जलवायु परिवर्तन नीति २०७६ लागू गरेको छ, जसले जलवायु अनुकूलन, विपद् व्यवस्थापन र दिगो विकासलाई प्राथमिकता दिन्छ । अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्रसँगको सहकार्यमा हिमाली क्षेत्रमा अनुसन्धान र निगरानीलाई जोड दिइएको छ । सामुदायिक वन कार्यक्रमले कार्बन अवशोषणमा योगदान दिएको छ, जसले नेपालको वन संरक्षणमा उल्लेखनीय भूमिका खेलेको छ । नेपालको वन क्षेत्रले विश्वको कार्बन सङ्कलनमा सानो तर महत्वपूर्ण योगदान पु¥याउँछ । स्थानीयस्तरमा, नेपालले हिमाली बस्तीहरूमा पूर्वसूचना प्रणाली र विपद् जोखिम न्यूनीकरणका लागि काम गरिरहेको छ । थामेजस्ता क्षेत्रमा बाढी र पहिरोको जोखिम कम गर्न सामुदायिक जागरुकता र पूर्वाधार विकासमा लगानी गरिएको छ । गैरसरकारी सङ्गठनहरूले जैविक विविधता संरक्षण, जलवायु शिक्षा र दिगो जीविकोपार्जनमा योगदान दिएका छन् । उदाहरणका लागि, स्थानीय समुदायहरूलाई जैविक कृषि र पर्यावरणीय पर्यटनमा संलग्न गराइएको छ । यद्यपि, आर्थिक र प्राविधिक सहायता अभावले यी प्रयासहरू सीमित छन् । नेपालले हरित जलवायु कोषजस्ता अन्तरराष्ट्रिय कोषमा पहुँच र प्रविधि हस्तान्तरणका लागि विश्व समुदायसँग निरन्तर पैरवी गरिरहेको छ ।

साझा जिम्मेवारी र विश्वव्यापी सहकार्य

हिमाल पग्लिनुको समस्यालाई समाधान गर्न विश्व समुदायले साझा जिम्मेवारी लिनुपर्छ । यो सङ्कटलाई सम्बोधन गर्न निम्न कदमहरू चाल्न सकिन्छः

उत्सर्जनमा तीव्र कटौतीः ठूला उत्सर्जक देशहरू, जस्तै चीन, भारत, अमेरिका र युरोपेली सङ्घले आफ्नो कार्बन उत्सर्जनमा तीव्र कटौती गर्नुपर्छ । नवीकरणीय ऊर्जा (सौर्य, वायु र जलविद्युत्), विद्युतीय सवारीसाधन र ऊर्जा–कुशल प्रविधिहरूमा लगानी बढाउनु जरुरी छ । पेरिस सम्झौताअन्तर्गत यी देशहरूले आफ्नो उत्सर्जन लक्ष्यलाई अझ महत्वाकाङ्क्षी बनाउनुपर्छ ।

अन्तरराष्ट्रिय सहयोग र कोषः नेपालजस्ता जलवायु परिवर्तनबाट प्रभावित देशहरूलाई आर्थिक र प्राविधिक सहायता प्रदान गर्नुपर्छ । हरित जलवायु कोष (ग्रिन क्लाइमेट फन्ड) र अन्य अन्तरराष्ट्रिय कोषमार्फत यस्ता देशहरूले पूर्वसूचना प्रणाली, बाढी नियन्त्रण संरचना र दिगो पुनर्निर्माणमा काम गर्न सक्छन् । प्रविधि हस्तान्तरणले पनि यी देशहरूलाई जलवायु अनुकूलनमा सहयोग पु¥याउँछ ।

हिमाली क्षेत्रको संरक्षणः सगरमाथा र हिमालयजस्ता क्षेत्रलाई विश्व सम्पदाका रूपमा संरक्षण गर्न अन्तरराष्ट्रिय सन्धिहरू लागू गर्नुपर्छ । हिमाली क्षेत्रमा अनियन्त्रित पर्यटन र विकास गतिविधिहरूलाई नियमन गर्नु आवश्यक छ । हिमनदीहरूको संरक्षणका लागि विशेष संरक्षित क्षेत्रहरू स्थापना गर्न सकिन्छ ।

जागरूकता र शिक्षाः जलवायु परिवर्तनप्रति विश्वव्यापी जागरूकता फैलाउन शिक्षा, मिडिया र सामुदायिक अभियानहरू सञ्चालन गर्नुपर्छ । व्यक्तिगतस्तरमा ऊर्जा बचत, फोहोर व्यवस्थापन र दिगो जीवनशैली अपनाउन प्रोत्साहन गर्न सकिन्छ । विद्यालय र विश्वविद्यालयहरूमा जलवायु शिक्षालाई अनिवार्य बनाउनुपर्छ ।

स्थानीय समुदायको सशक्तीकरणः हिमाली क्षेत्रका स्थानीय समुदायलाई जलवायु अनुकूलन र विपद् व्यवस्थापनमा सशक्त बनाउनुपर्छ । सामुदायिकस्तरमा पूर्वसूचना प्रणाली, आपत्कालीन योजना र दिगो जीविकोपार्जनका अवसरहरू प्रदान गर्न सकिन्छ ।

विश्व समुदायको भूमिका

हिमाल पग्लिनुको सङ्कटले विश्व समुदायलाई एकताबद्ध भएर काम गर्न आह्वान गरेको छ । यो केवल नेपाल वा हिमालय क्षेत्रको समस्या होइन, यो सम्पूर्ण मानव जातिको साझा चुनौती हो । हिमनदीहरू पग्लिंदा विश्वको पानीको स्रोत, कृषि र जैविक विविधतामा दीर्घकालीन प्रभाव पर्छ । हिमालय क्षेत्रका हिमनदीहरूले दक्षिण एसियाका करोडौँ मानिसहरूलाई पानीको स्रोत प्रदान गर्छन् । यी हिमनदीहरू हराउँदा खडेरी, खाद्य असुरक्षा र जनसङ्ख्या विस्थापन जस्ता समस्याहरू बढ्नेछन् ।

विकसित देशहरूले आफ्नो ऐतिहासिक जिम्मेवारी स्वीकार्दै जलवायु कोषमा योगदान बढाउनुपर्छ । उनीहरूले विकासशील देशहरूलाई नवीकरणीय ऊर्जा र जलवायु अनुकूलन प्रविधिहरूमा सहयोग गर्नुपर्छ । त्यस्तै, चीन र भारतजस्ता उदीयमान अर्थतन्त्रहरूले आफ्नो आर्थिक विकासलाई दिगो बनाउन जीवाश्म इन्धनमा निर्भरता घटाउँदै नवीकरणीय ऊर्जामा लगानी गर्नुपर्छ ।

निष्कर्षः

हिमाल पग्लिनुको जिम्मेवारी कुनै एक देशको मात्र होइन, यो विश्व समुदायको साझा दायित्व हो । चीन र भारतजस्ता ठूला अर्थतन्त्रहरूको हालको उत्सर्जन र विकसित देशहरूको ऐतिहासिक योगदानले यो सङ्कटलाई गहिरो बनाएको छ । नेपालले आफ्नो सीमित स्रोतका बाबजुद जलवायु कूटनीति, नीतिगत पहल र सामुदायिक प्रयासहरूमार्फत हिमाल संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको छ । संयुक्त राष्ट्रसङ्घका महासचिवको भ्रमण र उहाँको आह्वानले यो सङ्कटको विश्वव्यापी महत्वलाई थप उजागर गरेको छ । तर, यो सङ्कटको सामना गर्न अन्तरराष्ट्रिय सहयोग अपरिहार्य छ । सगरमाथा र हिमालय सम्पूर्ण मानव जातिको साझा सम्पत्ति हुन् । यिनलाई जोगाउन विश्व समुदायले आजैदेखि हातेमालो गर्नुपर्छ । हिमालमा 'जीवन' फर्काउन हाम्रो साझा प्रयास र प्रतिबद्धता आवश्यक छ ।

# पोखरा–छेन्दु सिधा उडान र पोखरेली सपना

जमुना वर्षा शर्मा

पोखरा अन्तरराष्ट्रिय विमानस्थल उद्घाटन भएको दुई वर्षपछि पोखरादेखि छेन्दुसम्मको सिधा उडान सञ्चालनले पोखरेलीमा केही आशा जगाएको छ । यस उडानले चिनियाँ पर्यटकको सिधा गन्तव्यका रूपमा पोखरालाई स्थापित गर्ने आशामा व्यवसायी देखिन्छन् । सिधा सम्पर्कले नेपाल–चीनबीचको सांस्कृतिक आदानप्रदानसँगै होटल, होमस्टे, ट्राभल एजेन्सी, यातायात, रेस्टुरेन्ट, गाइड सेवालगायतका क्षेत्रहरूमा रोजगारीको अवसर सिर्जनासँगै चिनियाँ लगानीकर्ताहरूका लागि व्यापारिक सम्भावनालाई पनि उजागर गर्ने बुझाइ व्यवसायीको छ ।

पोखरा महानगरपालिकाले सन् २०२५ लाई 'पोखरा भ्रमण वर्ष' घोषणा गरेसँगै अहिलेको उडानले चिनियाँ पर्यटक पोखरामा भित्रिने र भ्रमण वर्ष सफल हुनेमा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य पनि आशावादी हुनुहुन्छ । पोखरा–छेन्दु सिधा अन्तरराष्ट्रिय उडान चिनियाँ पर्यटकलाई सिधै पोखरा ल्याउने ढोका खोलिदिएको उहाँको भनाइ छ । "पोखरामा अन्तरराष्ट्रिय उडानसँगै चिनियाँ पर्यटकलाई प्रत्यक्ष रूपमा भित्र्याउन सकिने भएको छ, यसले भ्रमण वर्ष सफल पार्न चीनसँगको सहकार्य महत्वपूर्ण हुनेछ", प्रमुख आचार्यले भन्नुभयो । "गत चैत ५ गतेको पहिलो व्यावसायिक उडानमा पर्यटन व्यवसायीलगायतको टोलीले पर्यटन प्रवद्र्धन, लगानीमैत्री वातावरण निर्माण र सांस्कृतिक आदानप्रदानका लागि चिनियाँ निकायहरूसँग दीर्घकालीन सहकार्यका विषयमा छलफल गरेको थियो", आचार्यले भन्नुभयो ।

प्रमुख आचार्यले चीनको उच्च उत्पादन क्षमता, प्रविधिमा अग्रता, नवप्रवर्तनशील सोच र ठूलो उपभोक्ता बजारबाट धेरै सिक्न सकिने बताउनुभयो । "सिधा उडानले दूरी घटाएको छ, सम्बन्ध बढाएको छ, अब एकअर्काको रहनसहन र संस्कृतिलाई सम्मान गर्दै अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो, "चिनियाँ पर्यटकलाई लक्षित गर्दै हिमाल, ताल, प्याराग्लाइडिङ, ट्रेकिङ र सांस्कृतिक भ्रमणसहितको विशेष प्याकेज तयार पार्ने योजना छ ।" प्रमुख आचार्यले पोखरा र चीनका प्रमुख सहरहरूबीच 'ट्विन सिटी' सम्बन्ध विकास, संयुक्त प्रचारप्रसार, सांस्कृतिक आदानप्रदान कार्यक्रमहरु 'नेपाल–पोखरा पर्यटन सप्ताह' चाइना टुरिज्म फेस्टिभल'मार्फत सम्बन्ध अझ प्रगाढ बनाउने योजना रहेको सुनाउनुभयो ।

पोखरा–छेन्दु सिधा उडानले पोखराको पर्यटनमा नयाँ युगको सुरुआत गराएको र नेपाल–चीन सम्बन्धलाई पनि थप मजबुत बनाउने अपेक्षा उहाँको छ । पोखरालाई अन्तरराष्ट्रिय पर्यटन केन्द्रका रूपमा विकास गर्न महानगरले पूर्वाधार सुधार, पर्यटकमैत्री वातावरण निर्माण र स्थानीय व्यवसायीहरूको सक्रिय सहकार्य सुनिश्चित गर्ने निरन्तर पहल गरिरहेको उहाँले बताउनुभयो ।

पर्यटक भित्र्याउनका लागि कनेक्टिभिटी पहिलो सर्त रहेको जनाउँदै पोखरा–छेन्दु सिधा उडानले चीनबाट पोखरा पुग्न सहज बनाउँदै गण्डकी प्रदेशको पर्यटनमा नयाँ ऊर्जा थपेको बताउनुहुन्छ, पोखरा भ्रमण वर्ष २०२५ का संयोजक तथा पर्यटन व्यवसायी गोपीबहादुर भट्टराई । 'चीनमा भिजिट नेपाल वर्ष २०२५' को अवसरलाई सदुपयोगसँगै यो सिधा उडानबाट पोखरा भ्रमण वर्ष सफल पार्न हाम्रो प्रयास जारी रहेको छ ।" "हामी पूर्वाधार, सेवा, सुरक्षा र प्रवद्र्धनका लागि एकीकृत पहमा जोड दिइरहेका छौँ, पोखरालाई अन्तरराष्ट्रियस्तरको आकर्षक गन्तव्य बनाउने हाम्रो लक्ष्य हो ।" भट्टराईले सिधा उडानले सामाजिक, सांस्कृतिक, आर्थिक र पर्यटन सम्बन्धलाई समेत थप मजबुत बनाउने बताउनुभयो । सामाजिक रूपमा चीनमा नागरिकहरूको अधिकार र कर्तव्यको उत्कृष्ट सन्तुलन देखिन्छ । उनीहरूले सार्वजनिक सम्पत्तिको संरक्षण, राष्ट्रप्रतिको समर्पण र अनुशासनमा प्राथमिकता दिएका छन्, जुन हामीले सिक्न जरुरी रहेको उहाँको भनाइ छ । भट्टराईले भन्नुभयो, "आर्थिक हिसाबले चीनको औद्योगिक विकास, प्रविधिमैत्री सोच, निर्यातमुखी उत्पादन, साना उद्यमहरूको प्रवद्र्धन र योजनाबद्ध विकास रणनीति अत्यन्त प्रभावकारी छन् । नेपालले पनि आत्मनिर्भरता, उत्पादनशीलता र प्रविधिको प्रयोगमा चीनबाट धेरै सिक्न सक्छ ।"

राजनीतिक रूपमा, चीनमा दीर्घकालीन योजनाको निरन्तरता, स्थिर नेतृत्व, नीति कार्यान्वयनमा दृढता र राष्ट्रहितमा एकमत हुने प्रवृत्ति छ । हामीले अर्को सिक्नैपर्ने पक्ष यो पनि हो । राजनीतिक अस्थिरताले हाम्रो मुलुकलाई गम्भीर असर पारिराखेको छ ।

त्यसैगरी सांस्कृतिक दृष्टिले पनि चीनले आफ्नो भाषा, खानपान, परम्परा र जीवनशैलीलाई अन्तरराष्ट्रिय बजारसम्म पु¥याएको छ । हामीले पनि हाम्रो मौलिक संस्कृतिहरूलाई प्रवद्र्धन गर्न सक्छौँ । उहाँले नियमित उडान भएपछि पोखराको पर्यटनमा नयाँ आयाम थपिने विश्वास व्यक्त गर्नुभयो । यसले पोखराको प्राकृतिक सौन्दर्य, साहसिक गतिविधिहरू र सांस्कृतिक धरोहरलाई चिनियाँ पर्यटकसम्म प्रभावकारी तरिकाले पु¥याउन मद्दत गर्नेछ । साथै, पोखरामा पर्यटकहरूको आगमन बढ्ने र पर्यटन उद्योगलाई नयाँ उचाइमा पु¥याउने विश्वास व्यक्त गर्दै उहाँ यस सहकार्यलाई पोखराको पर्यटन क्षेत्रको दीर्घकालीन समृद्धिको आधार मान्नुभएको छ ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले यस वर्ष नेपाल–चीन मैत्री सम्बन्ध स्थापनाको ७०औँ वर्ष मनाइँदै र सन् २०२५ लाई नेपाल र चीन दुवै देशका सरकारले चीनमा नेपाल भ्रमण वर्ष २०२५ घोषणा गरेको अवसरमा भएको उडान पोखराको पर्यटनका लागि अवसर र अपरिहार्यता भएको बताउनुभयो ।

"प्राकृतिक सौन्दर्य, हिमाली दृश्य र साहसिक पर्यटन गतिविधिले भरिपूर्ण पोखरा चिनियाँ पर्यटकहरूको प्रमुख रोजाइमा पर्ने गन्तव्य हो, अहिले विशेष अवसरमा छौँ, दुवै देशबीच पर्यटन प्रवद्र्धनका गतिविधिहरू विस्तार गर्ने समय हो, जसबाट चीनबाट ठूलो सङ्ख्यामा पर्यटक भित्र्याउने आशा गर्न सकिन्छ ।"

गण्डकी प्रदेश तथा पोखराको चीनका विभिन्न सहरहरूसँगको मैत्रीपूर्ण सम्बन्धलाई मध्यनजर गर्दै सङ्घीय सरकार, स्थानीय तह र निजी क्षेत्रको सक्रिय र सन्तुलित सहभागिता आवश्यक रहेको उहाँको भनाइ छ । "चिनियाँ सरकार, स्थानीय तह तथा निजी क्षेत्रसँग सहकार्य र समन्वय प्रभावकारी ढङ्गले अगाडि बढाइयो भने यो सिधा उडान नियमित हुने सम्भावना बलियो छ", लामिछानेले भन्नुभयो ।

बोर्डको तथ्याङ्कअनुसार सन् २०२५ को जनवरीदेखि अप्रिल महिनासम्म ३६ हजार ९५४ चिनियाँ पर्यटक नेपाल आएका छन्, जुन अघिल्लो वर्षको सोही अवधिको (३८ हजार २९०) तुलनामा करिब ३ दशमलव ४९ प्रतिशतले कम हो । यस्तो अवस्थामा पोखरा–छेन्दु सिधा उडानको आवश्यकता अझै स्पष्ट हुने उहाँको बुझाइ छ । "यस उडानले चीनबाट पोखरामा पर्यटक आगमन बढाउने मात्र होइन, दुई देशबीचको आपसी सम्बन्धमा नयाँ ऊर्जा थप्नुका साथै, नेपाली पर्यटकहरूका लागि पनि चीन भ्रमण सहज हुने भएकाले, चीनमासमेत उनीहरूलाई स्वागतयोग्य वातावरण तयार पार्नु त्यत्तिकै महत्वपूर्ण देखिन्छ ।" लामिछानेले पर्यटन विकासमा नवीनतम् सोचको विकास सहित प्रविधिमैत्री वातावरणमा पनि जोड दिन आवश्यक रहेको बताउनुभयो ।

पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष एवं ओपन हर्ट ट्राभल नेपाल प्रालिका सञ्चालक पोमनारायण श्रेष्ठले यो सिधा उडानलाई पर्यटन विस्तारको महत्वपूर्ण पाटोका रूपमा लिएको बताउनुभयो । "यो उडानले पोखरा र चीनबीचको दूरी मात्रै घटाउने होइन, सांस्कृतिक, आर्थिक र पर्यटन सम्बन्धलाई पनि थप मजबुत बनाउनेछ ।" नियमित अन्तरराष्ट्रिय उडानहरू पोखराको पर्यटन क्षेत्रको दीर्घकालीन समृद्धिका लागि आधारशिला बन्न सक्ने र त्यसको लागि केही कुरामा सुधार औंल्याउनुभयो । पोखराबाट अन्तर्राष्ट्रिय उडान सफल बनाउनका लागि विभिन्न रणनीतिमा समन्वय आवश्यकमा जोड दिंदै उडानको माग सुनिश्चिता गर्न गन्तव्यको व्यापक प्रवद्र्धन गर्नुपर्ने उहाँको भनाइ छ । "चिनियाँ पर्यटकलाई लक्षित गरी विशेष प्याकेज तयार पारेर पोखराको प्राकृतिक, सांस्कृतिक र साहसिक गन्तव्यको प्रचार गर्न सकिन्छ," श्रेष्ठले भन्नुभयो । "नेपाल र चीनबीच स्पष्ट र सहज हवाई समझदारी गरिनु अत्यन्त जरुरी छ, जसले उडान तालिका सुनिश्चित गर्न र नियामक सहजीकरणमा सहयोग पु¥याउँछ ।"

नेपाल सरकारले चीनसँगको पर्यटन सहकार्य, भिसा सहजीकरण, तथा नेपालमा चिनियाँ लगानी र व्यापार विस्तारजस्ता रणनीतिमा ध्यान दिएर यो उडानलाई स्थायित्व दिन आवश्यक रहेको उहाँले बताउनुभयो । "सबैभन्दा पहिले, पोखरामा चिनियाँ भाषी गाइड, मेनु र सूचना बोर्डको अभाव छ, जसका कारण पर्यटकहरू अप्ठ्यारो महसुस गर्छन् । यसमा पनि ध्यान दिनुपर्छ ।" उहाँले पोखराको छेन्दुसम्म जुन तरिकाले व्यावसायिक चार्टर उडान भएको छ चिनियाँ पक्षबाट पनि त्यसरीनै तदारुकता देखाउने हो भने यो नियमित उडानले स्थायित्व पाउने र पोखरेलीले देखेको सपना पूरा हुने बताउनुभयो ।

पोखरा विमानस्थलबाट चैत ५ गते सिचुवान एयरलाइन्सको गरेको उडानमा प्रमुख आचार्यसहित, पर्यटन बोर्डका प्रतिनिधि, पर्यटन व्यवसायी र पोखराका सङ्घसंस्थाका पदाधिकारीहरू पत्रकारहरुको सहभागिता थियो । भ्रमणको समन्वय गण्डकी प्रदेश सरकार, नेपालस्थित चिनियाँ दूतावास र सिचुवान एयरलाइन्सले गरेको थियो ।

त्यसयता सिचुवान एयरलाइन्सले थप तीन उडान गरेको छ । अहिलेसम्म व्यावसायिक चार्टर उडानबाट करिब ४०० चिनियाँ पर्यटक नेपाल भित्रिएिका छन् । चिनियाँ एजेन्सिले जनाए अनुसार करिब एक हजार २५० चिनियाँ पर्यटक नेपाल आउन तयार छन् । योसँगै हिमालय एयरलाइन्सले पनि पोखराबाट चिनको ल्हासासम्मको उडान गरेको छ ।

नेपाल–चीनबीच व्यापार, पूर्वाधार, संस्कृति, शिक्षा र पर्यटनमा सहकार्य बढ्दो छ । चीनले पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणमा ऋण सहायता प्रदान गरेको थियो र यसलाई बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) अन्तर्गतको 'फ्ल्यागशिप प्रोजेक्ट' मानेको छ । यद्यपि नेपालले यसलाई औपचारिक रूपमा बिआरआईअन्तर्गत नराखे पनि चिनियाँ भूमिका महत्वपूर्ण रहँदै आएको छ ।

# बनमे बचओलिह सम्मान हे सीया मिथिलाके बेटी
# होयत नइ कोना गुमान हे सीया मिथिलाके बेटी





दिपक कर्ण

नेपालको तराई भूभागमा फैलिएको एक अनुपम सभ्यता हो–मिथिला। यही भूमिमा जन्म लिइन् पृथ्वीपुत्री सीता। सीतालाई सम्पूर्ण हिन्दू सभ्यताले आदर्श नारी, पतिव्रता र त्यागमयी जननीको रूपमा स्मरण गर्छ। बैशाख शुक्ल नवमी अर्थात् जानकी नवमी, जनकपुरधाममा श्रद्धा र संस्कृतिको भव्य पर्व बनेर उदाउँछ। तर, यो पर्व केवल धार्मिक उत्सव मात्र नभई दिन मिथिलाको गौरव, अस्तित्व र पहिचानको पुनःस्मरण पनि हो।

राजर्षि जनक, सीताका पिता दक्षिण एशियाकै अद्वितीय राजनीतिक व्यक्तित्व थिए। उनी राजा थिए, दार्शनिक थिए। र, किसान पनि थिए। मिथिलाको माटोलाई हलोले चिर्दै गर्दा उनीभित्रको नेतृत्व शक्ति जन–जनका लागि कर्मशीलताको प्रतीक बन्यो।

यही कारण हो, जब उनी खेत जोत्दछन् र त्यहीँबाट सीताको जन्म हुन्छ, त्यो सत्ताको वैधता माटोबाट आऊनुपर्छ भन्ने सन्देश पनि हो। आजको राज्यसत्ता र नेतृत्व प्रणालीले पनि यही पाठ पढ्न जरुरी छ–जनताको भूमि नछुने शासन दीर्घकालीन हुँदैन।

सीता अयोध्यामा रानी भइन्। तर, जनकपुर उनको माइतीघर आजसम्म पनि 'माइती'को भावनात्मक सीमामा मात्र सीमित छ। अयोध्यालाई राजनीतिक रूपमा प्रतिष्ठा दिइयो। तर, जनकपुरलाई केवल तीर्थयात्राको गन्तव्य बनाइयो। राज्यको नजरमा मिथिला सधैं सांस्कृतिक आडम्बर मात्र रह्यो, आर्थिक लगानी, पूर्वाधार विकास र राजनीतिक प्रतिनिधित्वमा यो क्षेत्र दोस्रो दर्जाको नागरिकजस्तो व्यवहार भोगिरहेकै छ।

प्रत्येक वर्ष लाखौं तीर्थयात्रीहरू जनकपुरधाम आउँछन्। तर, उनीहरूको स्वागत गर्ने शहरको अवस्था सोचनीय छ। जानकी मन्दिरको वरिपरि पार्किङ अभाव, सरसफाइ समस्याहरू, शौचालयको अभाव, सुरक्षा चुनौती र पर्यटक–मैत्री संरचनाको नितान्त कमी देखिन्छ।

धार्मिक पर्यटन आजको विश्वमा अर्बौं डलरको उद्योग हो। तर, जनकपुरमा पार्किंगदेखि लिएर गाइडिङ सेवासम्मको अव्यवस्था देखिन्छ।

जानकी नवमीलाई राज्यले राष्ट्रिय सांस्कृतिक पर्वको मान्यता दिनुपर्छ। यसले जनकपुरधामको मात्र नभइ सम्पूर्ण मिथिला क्षेत्रको सांस्कृतिक धरोहरलाई मान्यता दिनेछ। जनकपुरधाममा पर्यटक–मैत्री मास्टरप्लान आवश्यक छ। पोखरी संरक्षण, परिक्रमा मार्ग सुधार, डिजिटल गाइड सिस्टम, धर्मशालाहरूको स्तरीकरण, मेला व्यवस्थापनलगायत विषयमा दीर्घकालीन योजना बन्नु जरुरी छ। जानकी, जनक, याज्ञवल्क्य, गार्गी, मंडन मिश्रजस्ता महान आचार्यहरूको भूमिमा मिथिला अध्ययन केन्द्र वा विश्वविद्यालयको आवश्यकता छ। जसले संस्कृत भाषा, मिथिला कला, संगीत, दर्शन, नीति र समाजशास्त्रमा अनुसन्धान गर्न सकोस्।

विश्वकै प्रमुख विवाहस्थलमध्ये एक, राम–जानकी विवाहमण्डप, आजसम्म पनि युनेस्को सूचीबाहिर छ। राज्यले यो विषयमा गम्भीर कूटनीतिक प्रयास गर्नुपर्ने देखिन्छ। यी मिथिलाको वैभव बनाउने सम्भाव्य उपायहरू हुन सक्छन्।

मिथिलाको विषय राष्ट्रिय नीति निर्माण तहमा पुग्न सकेको छैन। त्यसका लागि मिथिला क्षेत्रका नेताहरूले आत्मसम्मानयुक्त नेतृत्व प्रस्तुत गर्नु आवश्यक छ। यसले संविधानमा सांस्कृतिक अधिकार, भाषा, लगानीको प्राथमिकता र प्रतिनिधित्व सुनिश्चित गर्न सक्छ।

संस्कृतिले हाम्रा मूल्य जन्माउँछ। तर, राज्यले त्यस संस्कृतिको संरक्षण गर्न संविधान, बजेट, नीतिगत प्राथमिकता दिनुपर्छ। अहिले मिथिला त्यही संरचना र संरक्षणको अभावमा कराउँदैछ। जानकीको माइतीघर केवल दर्शनको केन्द्र होइन–साँस्कृतिक, आर्थिक र राजनीतिक नवजागरणको सम्भाव्यता पनि हो।

मिथिला–नेपालको भूगोलभित्रको एउटा विशिष्ट सांस्कृतिक, ऐतिहासिक र धार्मिक क्षेत्र मानिन्छ। यसले न केवल नेपालको संस्कृति समृद्ध बनाएको छ, बरु सम्पूर्ण हिन्दू सभ्यतामा आफ्नै विशिष्ट पहिचान स्थापित गरेको छ। यही मिथिलाको हृदयस्थल हो–जनकपुरधाम। यो शहर



केवल धार्मिक स्थल होइन, नेपाली राज्यको इतिहास, महिला चेतनाको आरम्भ, न्यायपूर्ण शासन प्रणाली र समावेशी समाजको आदर्श प्रतीक हो।

जनकपुरधाममा जन्मेकी जानकी अर्थात् सीता हिन्दू धर्मका अनुयायीहरूका लागि केवल देवी होइनन्, एक नारीको बलिदान, धैर्य, कर्तव्य र आत्मगौरवको प्रतिक हुन्। जानकी नवमी, जुन बैशाख शुक्ल नवमीका दिन मनाइन्छ, त्यो केवल पर्व होइन–मिथिलाको सांस्कृतिक र ऐतिहासिक पहिचानको पुर्नस्थापना गर्ने अवसर हो। जानकीलाई सम्झनु भनेको मिथिलाको आत्मालाई सम्झनु हो। तर, जनकपुर, जसले सीतालाई जन्म दियो, अहिले आफ्नै अस्मिताको खोजीमा संघर्षरत छ।

प्राचीन मिथिला न केवल हिन्दू धर्मग्रन्थहरूको भूमि हो, यो दर्शन र न्यायको केन्द्र थियो। राजा जनक–एक दार्शनिक राजा–हलो जोतेर माटो फोड्दा सीताको जन्म भएको विश्वास गरिन्छ। तर, त्यो कथा केवल आध्यात्मिक नभइ गहिरो सामाजिक र राजनीतिक सन्देश दिने दृष्टान्त हो। जनकको हलो माटोमा गड्नु भनेको शासकले भूमिसँगको सम्बन्ध, जनतासँगको उत्तरदायित्व स्वीकार गर्नु हो।

जनकपुरमा केवल धार्मिक कथा होइन, ऐतिहासिक र सांस्कृतिक सन्देशहरू पनि छरिएका छन्–विदेह शैलीको वास्तुकला, दशरथ सभा, जानकी मन्दिर, धनुष सागर, गंगासागर, राम मन्दिर–यी सबै साक्षी छन् कि मिथिला कुनै कालमा नेपालकै सबैभन्दा समृद्ध क्षेत्रमध्ये एक थियो।

राजनीतिक दृष्टिकोणले हेर्दा जनकपुरधाम कहिल्यै पनि केन्द्रको प्राथमिकतामा परेन। काठमाडौंको सत्ता केन्द्रित नीतिले जनकपुरलाई 'भावनात्मक सन्तुलन'को साटो 'सीमान्त क्षेत्र' बनाइदियो। सांस्कृतिक पर्यटनलाई प्रवद्र्धन गर्ने ठूला योजना बनेनन्, न धरोहरको संरक्षणका गम्भीर प्रयास भए। जानकी नवमीमा लाखौं तीर्थयात्री आउने गर्दछन्। तर, यहाँको यातायात व्यवस्था, सरसफाइ, आपतकालीन सेवा र आवास सुविधाले त्यो आगन्तुकप्रतिको सम्मान झल्काउँदैन।

राज्यले धार्मिक पर्यटनको अवसरलाई अर्थ–परिवर्तनमा रूपान्तरण गर्न सकेन। सीताको माइतीघर अझै पनि आफूलाई राष्ट्रिय योजनामा खोजिरहेको छ। त्यसैले अब समय आइसकेको छ–जनकपुरधामलाई केवल श्रद्धाको केन्द्र होइन, सम्भावनाको राजधानीका रूपमा हेर्ने।

यी आधारलाई सुदृढ गर्न सके जनकपुरको विगतको वैभव पुनः फर्काउन सकिन्छ। जानकी मन्दिर, राम मन्दिर, परिक्रमापथ, सन्देश स्थलहरूलाई व्यवस्थित गरि 'रामायण सर्किट' अन्तर्गत विश्वस्तरीय धार्मिक पर्यटन केन्द्र बनाइनुपर्छ। रेल–सडक–विमानसेवा सबैको सहज पहुँच विकास गरिनुपर्छ।

जनकपुरधाममा 'मिथिला संस्कृति संग्रहालय' स्थापना गरी मिथिला चित्रकला, भाषा, वेशभूषा, नाटक, गीत–संगीत र जीवनशैलीलाई विश्वसामु प्रस्तुत गरिनुपर्छ।

विदेह दर्शन, योग, न्यायशास्त्र र वैदिक साहित्य अध्ययन–अनुसन्धानका लागि अन्तर्राष्ट्रिय स्तरको संस्थान स्थापना गरिनुपर्छ। यसले जनकपुरलाई 'ज्ञानको राजधानी' बनाउन सकिन्छ।

मिथिला क्षेत्रको माछा, पान, मखाना, मिथिला कलाको हस्तकला तथा कृषिजन्य उत्पादनलाई 'मिथिला ब्राण्ड' बनाई बजारिकरण गरिनुपर्छ। यसका लागि सहकारी, कृषि हब र कोल्ड स्टोर जस्ता पूर्वाधार विकास हुनुपर्छ।

राज्यले जनकपुरलाई उपेक्षित क्षेत्र होइन, नेपालको सांस्कृतिक मेरुदण्डका रूपमा हेर्ने दृष्टिकोण विकास गर्नुपर्छ। जानकी नवमीलाई राष्ट्रिय पर्व घोषणा गरिनुपर्छ र जनकपुरधामलाई 'संघीय सांस्कृतिक राजधानी'को रूपमा स्थापित गर्नुपर्छ।

जनकपुरधाम मिथिलाको त्यो आँगन हो, जहाँ सीताको किलकारी गुन्जिएको थियो, जहाँ न्याय र नीति सँगै बस्दथे, जहाँ माटो पूजा थियो र चेतना शासन थियो। अब समय आएको छ–सीताको माइतीलाई बिर्सिएको अवस्थाबाट उठाएर राष्ट्रिय गौरव बनाउने।

यदि जनकपुरधामको इतिहास, संस्कृति र सम्भावनालाई सँगै लिइन सकियो भने मिथिला न केवल श्रद्धा, साहित्य र साधनाको भूमि हुनेछ, बरु नेपालको सांस्कृतिक, आर्थिक र राजनीतिक पहिचानको केन्द्र बन्नेछ।

जनकपुरधाम एक शहर मात्र होइन। यो एक सांस्कृतिक चेतनाको धरोहर हो। यसको आत्मा स्वयं जानकी अर्थात् सीता हुन ्। मिथिलाको माटोमा जन्मेकी सीता केवल एक धार्मिक पात्र होइनन् उनी जीवनशैली, नारी चेतना, सहिष्णुता र त्यागको मूर्त रूप हुन्। जनकपुरधाममा बसेको हरेक इँटामा, हरेक पगडण्डीमा र प्रत्येक आस्थाको स्वरमा जानकीको प्रतिध्वनि सुनिन्छ। उनी मिथिलाको हृदयमा बस्छिन्–एक आदर्श छोरी, समर्पित पत्नी, नारी गरिमाको प्रतीक र मिथिलाको गौरव।

रामायणको कथा संसारभरि प्रसिद्ध छ। तर, त्यो कथाको पहिलो अध्याय जहाँ सुरू



हुन्छ–त्यो हो मिथिला। राजा जनकले हलो जोतेर खेतमा पूजा गर्दा पृथ्वीबाट जन्मेकी सीता केवल एक देवी नभई शासन र माटोबीचको गहिरो सम्बन्धको सन्देश हुन्। जानकीले आफूमा समेटेकी छन् प्रकृति र संस्कारबीचको सन्तुलन, विवेक र कर्तव्यबीचको सम्बन्ध, अनि नारी शक्तिको उच्चतम रूप।

उनको जन्म, शिक्षा, विवाह, वनवास र अग्निपरीक्षाको कथा नारीले जीवनभर खेप्नुपर्ने सामाजिक मापदण्डहरूप्रति प्रश्न हो। उनले पीडा सहिन्, तर विरोध छोडिनन्। उनी हाँसिन्, तर आत्मसम्मान गुमाइनन्।

जानकीको अस्तित्व सन्देश दिन्छ–नारीको गरिमा उसको सहिष्णुता, विवेक र आत्मबलमा छ।

सीताको माइतीघर 'जनकपुरधाम' आज लाखौं श्रद्धालुका लागि आस्थाको धरोहर हो। तर, यस धरोहरमा न राज्यले ध्यान दिएको छ, न स्थानीय तहले दीर्घकालीन दृष्टिकोण अपनाएको छ। जानकी मन्दिरको भव्यता र जानकी नवमीको रौनक बाहिरदेखि चम्किलो देखिए पनि जनकपुरधामको भित्री अवस्था अझै मूलभूत आवश्यकताका लागि संघर्षरत छ।

यहाँको परिक्रमापथ, पोखरीहरू, सांस्कृतिक थलोहरू संरक्षणको अभावमा मेटिँदै छन्। श्रद्धा छ, तर संरचना छैन। विश्वास छ, तर व्यवस्थापन छैन। सीताको नाममा बनेको यो शहर उसैको उपेक्षाले ग्रस्त देखिन्छ।

मिथिलाको लोकगीत, परम्परा, चित्रकला, पान–मखाना–माछा, भित्तेचित्र–सबैमा जानकीको अस्तित्व छ। 'जय जय हो किशोरीजी' भन्ने भावले यहाँका मानिसहरू हरेक चाडपर्व, हरेक संस्कार, हरेक उत्सवमा सीतालाई सम्झिन्छन्। यहाँ सीता केवल एक देवी होइनन्; उनी हरेक माइतीघरकी छोरी हुन्। मिथिलाकी 'कन्या' संस्कृतिको मेरुदण्ड बनेर जिउँदैछिन्।

बैशाख शुक्ल नवमीको दिन जनकपुरधाममा जानकी नवमी मनाइन्छ–धार्मिक शोभायात्रा, भजन, कथा, पूजा र मेला सहित। त्यो दिन शहर श्रद्धालुको लहरले भरिन्छ। तर, त्यो लहरसँगै उठ्ने आवाज हो–'हाम्रो संस्कृति जोगाउ, हाम्रो पहिचान फर्काउ।'

जानकी नवमी केवल पूजा होइन–यो मिथिलाको स्वर हो, जुन राज्य, समाज र संसारलाई सुनाउनुपर्ने बेला आएको छ। जानकी नवमीलाई राष्ट्रिय पर्वको मान्यता दिइनु अब समयको माग हो। यस पर्वलाई आधार बनाएर मिथिलाको सांस्कृतिक पर्यटन, धार्मिक आस्था र स्थानीय अर्थतन्त्रलाई सशक्त पार्न सकिन्छ।

यो प्रश्न केवल भावनात्मक होइन, राजनीतिक र सामाजिक दृष्टिकोणबाट पनि गम्भीर छ। जानकीलाई सम्झनु भनेको मिथिलाको आत्मालाई जगाउनु हो। अब समय आएको छ–जनकपुरधामलाई केवल तीर्थस्थल होइन, नेपाली नारी चेतनाको मूलस्थलका रूपमा चिनाउने। जनकपुरबाट सम्पूर्ण नेपालले नारी शक्ति, विवेक र साहस सिक्न सक्छ।

यदि हामी जानकीको माटोलाई बुझ्न सक्छौं भने हामी सिंगो राष्ट्रको आत्मा बुझ्न सक्छौं। जानकीको दर्शनमा न्याय, समर्पण र स्वाभिमानको मिलन छ। यही दर्शनलाई हामीले शिक्षामा, संस्कृतिमा र नीतिमा आत्मसात गर्न सके मिथिला मात्र नभइ नेपाल पुनः एक सांस्कृतिक शक्ति बन्न सक्छ।

सीता मिथिलाको चेतना हुन्। उनी जनकपुरधामको आत्मा हुन्। मिथिलाको गौरव फर्काउन सीतालाई केवल मन्दिरमा होइन, नीतिमा, शिक्षामा, योजनामा र विकासको एजेन्डामा स्थान दिन आवश्यक छ। जानकीको नाममा बहने श्रद्धा अब चेतनामा रूपान्तरण हुनुपर्छ। जनकपुरधामको विकास सीताको न्यायपूर्ण विचार, त्याग र आत्मसम्मानबाट प्रेरित हुनु पर्छ।

जय मिथिला, जय जनकपुरधाम।

# खुर्सानीको कालो थ्रिप्सः साना तर खतरनाक किरा



साजन साह




**चिल्लीब्ल्याक थ्रिप्स**
वैज्ञानिक नामः थ्रिप्सपार्विस्पिनस

**परिचयः**
नेपालमा खुर्सानी एक महत्त्वपूर्ण मसला बालीको रूपमा व्यापक रूपमा खेती गरिन्छ । यस्तै बालीमा देखिने एउटा खतरनाक किरा हो (कालो थ्रिप्स । सानो आकारको यो कीटले बोटको पात, फूल, र फलमा आक्रमण गरी उत्पादनमा ठूलो हानि पुर्याउँछ । यसको संख्या न्यून भए पनि असर अत्यन्त घातकहुन्छ । २०२१ साल आन्द्र प्रदेशमा खुर्सानी बालीलाई नराम्ररी नोक्सान गर्ने नयाँ थ्रीप्स प्रजाति फेला परेको देखिन छ । त्यसपछि यो दक्षिण भारतका अन्यराज्यहरूमा विस्तार भएको देखिन्छ । थ्रिप्सपार्विस्पिनस नेपालमा हालसालै देखिएको नवआगन्तुक किरा हो जसले कृषकहरूलाई गम्भीर चुनौती दिइरहेको छ । समयमै नियन्त्रण तथा सचेतना आवश्यक छ, नत्र यो किराले अन्य बालीहरूमा समेत गम्भीर असर गर्नसक्छ ।

नेपालमा पहिलो देखापरेको समयः नेपालमा यो किरा पहिलो पटक २०८० सालको सुरुवाततिर खुर्सानी तथा क्याप्सिकम बालीहरूमा देखा परेको छ । विशेष गरी भारतबाट आयात गरिने बिरुवा तथा नर्सरीजन्य सामग्रीबाट यसको प्रवेश भएको विश्वास गरिन्छ ।

**तेजगतिमा फैलावटः**
यस किराले एकैपटक ठूलो संख्यामा अण्डा दिने, छोटो जीवनचक्र तथा विभिन्न बोटबिरुवामा आक्रमण गर्न सक्ने क्षमताका कारण छोटो समयमा नेपालको धेरै क्षेत्रहरूमा फैलावट भयो – विशेष गरी बागमती प्रदेश, कोशी प्रदेश, मधेश प्रदेश र लुम्बिनी प्रदेशमा उच्च असर परेको देखिन्छ ।

**किरा लाग्ने बालीः**
कालो थ्रिप्स एक बहुभोजी कीरा हो, योमुख्य रूपमा खुर्सानीमा देखिन्छ तर कालो थ्रिप्सले यी बालीहरूमा पनि आक्रमण गर्छस्
क) फलफूलस् सुन्तला, आँप, अंगुर, स्ट्रबेरी, र आरु ।
ख) तरकारीहरूस् टमाटर, लौका, बैगन, काक्रा, सिमी र भिण्डी ।
ग) क्षेत्रीय बालीहरूस् कपास, मकै, सोयाबिन, र सूर्यमुखी ।
घ) सजावटी बिरुवाहरूस् गुलाब, चमेली, अर्चिड्स र अन्य फूल्ने बिरुवा ।
ङ) अन्य बालीहरूस्चिया, कफी, मसला, र औषधीय जडीबुटी ।

**क्षति र चिन्ताजनक प्रभावस्**
कालो थ्रिप्सले निम्न प्रकारका लक्षणहरू देखाउँछस्
– पात मुजिने, सुक्ने वा चाउरी पर्ने
– पातमा चन्दी वा काँसेरंगको दाग देखिने
– कलिला फूल झर्ने वा नफुल्ने
– फलमा डाम देखिने बजार मूल्य घट्ने
यी लक्षणहरूले बोटको समग्र स्वास्थ्यमा नकारात्मक असर पार्छ र फलको गुणस्तरमा गिरावट ल्याउँछ । खुर्सानी र क्याप्सिकम बालीमा उत्पादनमा ५०% सम्म गिरावट रिपोर्ट गरिएको छ ।

**श्रोत र फैलिने वातावरणस्**
कालो थ्रिप्सको मुख्य श्रोत झारपात र बालीको अवशेषहरू हुन् । अनुकूल वातावरणमा यी किराहरू तीव्र रूपमा फैलन सक्छन् । फैलिने मुख्य कारणहरू यस्ता छन्ः
– तातो र सुख्खा मौसम (गर्मी महिनामा बढी सक्रिय२५–३२)
– घना बाली प्रणाली, जसले हावा आवतजावतलाई रोक्छ
– हावा र संक्रमित बिरुवामार्फत एक खेतबाट अर्को खेतमा सजिलै पुग्न सक्छ
( संक्रमित नर्सरी वा बिउ, खेतमा लगाउने क्रममा कीट फैलन सक्छ

**जीवन चक्रस्**
– अण्डा ९३–५ दिन०स् कोमल पात र फूलमा राखिन्छ ।
– निम्फ ९४–७ दिन०स् साना, पङ्खाविहीनस पात र फूल चुस्छ ।
– प्रेपुपा ९१–२ दिन०स् माटो वा पातमा बस्छ, कम चलायमान ।
– पुपा ९१–२ दिन०स् पङ्खा विकास हुन्छ ।
– वयस्क ९२–३ हप्ता०स् कालो र पङ्खा भएको, खाना खाने र अण्डा दिने ।
माउ थ्रिप्सले बाँचुन्जेल सालाखाला ३३ वटा अण्डा पार्छ ।
सम्पूर्ण चक्रः
तातो मौसममा १४–१८ दिनमा पूरा हुन्छ । चिसो मौसममा भने २० दिनभन्दा बढी लाग्न सक्छ । त्यसैले गर्मीमा थ्रिप्सको संख्या धेरै छिटो बढ्छ ।

**व्यवस्थापन उपायहरूः**
**सांस्कृतिक विधिहरूः**
– संक्रमित पात, झारपात र अवशेष हटाउने
– किरामुक्त बिरुवा मात्र प्रयोग गर्ने
– राम्रो हावा आवतजावत हुने गरी रोपाइँ गर्ने

**जैविक नियन्त्रणः**
– लेडी बग, लेसविंग, प्रेडेटर जस्ता प्राकृतिक सत्रुहरूलाई संरक्षण गर्ने
– ७ दिनको अन्तरालमा प्रति लिटर पानीमा ३ मिलिलिटर र नीम तेल मिश्रण गरी छर्कँदा कालो थ्रिप्सको प्रसारमा उल्लेखनीय कमी आउने देखिएको छ ।
(२५० ग्राम मेटाराइजियम एनिसोप्ली १२५ किलोग्राम गोबर वा कम्पोष्टमा मिसाई प्रति रोपनी खेतबारीमा प्रयोग गर्ने
यान्त्रिक नियन्त्रणः
– निलो वा पहेँलो स्टिक्की ट्र्याप प्रयोग गरेर किराको निगरानी गरी रासायनिक नियन्त्रण
– प्लेसिवा (साइट्रानिलिप्रोएल ७।३५ डायफेंटियूरोन ३६।४५), स्पिनोसाड ४५ ५ सिमोडिस ९आइसोसाइकलोसेराम ९।२५ आइसोसाइकलोसेराम १०५ शिन्वा ९फ्लक्सामेटामाइड १०५ जस्ता कीटनाशक५–१ मिलिरलीटर पानी० प्रयोग गर्न सकिन्छ
( कीटनाशकको फेरबदल गर्दै प्रयोग गर्नुपर्छ ताकि प्रतिरोध विकास नहोस्
निष्कर्षः
कालो थ्रिप्स सानो देखिए पनि यसको असर गम्भीर हुन्छ। समयमै पहिचान, सन्तुलित व्यवस्थापन रणनीति, र किसानबीचको सहकार्यमार्फत यसलाई नियन्त्रण गर्न सकिन्छ। खुर्सानी खेतीलाई दिगो बनाउन यो विषयमा समयमै ध्यान दिनु जरुरी छ ।

**सन्दर्भः**
– अन्तर्राष्ट्रिय कृषि संस्थान
– कीट व्यवस्थापन गाइडलाइन
इमेलःsajan.sah2013@gmail.com

# पूर्वाधार निर्माणमा सरकारको उच्च प्राथमिकता

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले मधेश प्रदेशमा आयोजना हुने ११ औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीका लागि पूर्वाधारको निर्माणलाई सरकारले उच्च प्राथमिकतामा राखेर आगामी बजेट विनियोजन गर्ने बताएका छन् । मन्त्री चौधरीले जनकपुरधाम उपमहानगरपालिकाको आयोजना तथा जिल्ला क्रिकेट संघ धनुषाको समन्वयमा शुक्रबारदेखि जनकपुरधामको रजौलमा रहेको रामजानकी बहुउद्देश्यीय रङ्गशालामा शुरु भएको तेस्रो जनकपुरधाम मेयर कप टी–२० क्रिकेट प्रतियोगिताको उद्घाटन कार्यक्रममा नयाँ बजेटमा मधेश प्रदेशमा नयाँ रंगशाला निर्माण तथा पुराना संरचना मर्मतका लागि उचित बजेट विनियोजन गर्ने उल्लेख गर्दै जनकपुरधामको रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रंगशाला निर्माणमा मन्त्रालयले गुठी संस्थानसँग सम्झौता गराउन पहल गरिरहेको बताए । मन्त्री चौधरीले खेलकुदको विकासमा स्थानीय तहको अहम् भूमिका रहेको बताउँदै जनकपुरधाम उपमहानगरपालिकाले निरन्तर



मेयर कप आयोजना गरेर खेल तथा खेलाडीको मनोबल बढाउनमा खेलेको भूमिकाको प्रशंसा गरे । मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालले मधेश प्रदेशको राजधानी जनकपुरधाममा रामजानकी बहुउद्देश्यीय रंगशालाको निर्माणका लागि वैधानिक प्रक्रिया अगाडि बढाइसकेकाले रंगशाला निर्माणको बाटो चाँडै खुला हुने बताए ।

उनले मधेश प्रदेशकै आठ जिल्लामा रंगशाला निर्माण गर्ने पक्षमा प्रदेश सरकार भएको बताउँदै पुराना अधुरा खेलकुद आयोजना निर्माण सम्पन्न गर्नुपर्ने दायित्व पनि प्रदेश सरकारकै भएको बताए । जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले जनकपुरधाममा रामजानकी बहुउद्देश्यीय रंगशालाको निर्माण प्रक्रिया अगाडि बढिसकेको बताउँदै रंगशाला निर्माण चाँडै हुने आशा व्यक्त गरे । नेपाल क्रिकेट संघका कोषाध्यक्ष पद्म खडकाले नेपाली खेलकुद विकासका लागि तीनै तहका सरकारको सहयोग र साथ आवश्यक भएको बताए ।

जेठ २ गतेसम्म चल्ने तेस्रो जनकपुरधाम मेयर कप प्रतियोगितामा मधेश प्रदेशका ८ जिल्लाका अतिरिक्त भारतको बिहारका मुजफ्फरपुर, पुरनीया, उत्तर प्रदेशका लखनऊ र दिल्लीका ४ टिम गरेर कुल १२ टिमको सहभागिता छ ।

टी–२० क्रिकेट प्रतियोगितामा विजेता टिमलाई २ लाख नगद र ट्रफी, उपविजेतालाई १ लाख २५ हजार नगद र ट्रफी, प्रत्येक दिनका म्यान अफ दि म्याच हुने खेलाडीलाई केएफसिको पाँच हजारको गिफ्टका साथै ३ हजार नगद र ट्रफी प्रदान गरिने आयोजकले जनाएको छ । त्यस्तै, प्रतियोगितामा बेष्ट ब्याट्स म्यानलाई १० हजार, बेष्ट बलरलाई १० हजार, म्यान अफ दि सिरिज हुने खेलाडीलाई १५ हजार नगद ट्रफीसहित पुरस्कृत गरिने जिल्ला क्रिकेट संघका सचिव अशिष झाले जानकारी दिए ।

# लहानका अधिकांश पसलमा बिलबिजक न मूल्यसूची

**मधेशदृष्टि**
**सिरहा ।**
लहान बजारमा सञ्चालित अधिकांश पसलको व्यवसाय दर्ता, नवीकरण, खरिदबिक्रीको बिलबिजक तथा मूल्यसूची नभएको भेटिएको छ । इलाका प्रशासन कार्यालय लहान तथा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंजको संयुक्त बजार अनुगमनक्रममा लहान बजारका अधिकांश पसलको व्यवसाय दर्ता नगरिएको, दर्ता भएका व्यवसायको नवीकरण नभएको, खरिद बिक्रीको बिजबिजक नभएको तथा मूल्यसूची नराखिएको भेटिएको हो ।

अनुगमन टोलीले यस्ता पसललाई जरिवाना र सामान्य चेतावनीसहित सचेत गराएका छन् । अनुगमनक्रममा अनिता जनरल स्टोर्सलाई २० हजार, समाया ट्रेडर्सलाई १५ हजार, श्याम इलेक्ट्रोललाई १० हजार र मा इन्टरप्राइजेजलाई ५ हजार रुपैयाँ जरिवाना गरिएको छ । त्यस्तै, महावीर वस्त्रालय, बाबा फेन्सी स्टोर्स, नितिस ट्रेडर्स एण्ड सप्लायर्स, विवेक सुसेन्टर, प्रिया जनरल स्टोर्स, ओम किराना, हरेकृष्ण इम्पेरियम र अर्चिड क्याफेलाई पहिलोपटकलाई सामान्य चेतावनीसहित सचेत गराइएको छ । साथै यी पसलका सञ्चालकलाई तीन दिनभित्र पसलमा मूल्यसूची राख्न र आवश्यक कागजात इलाका प्रशासन कार्यालयमा बुझाउन अनुगमन टोलीले निर्देशन दिएको छ । यदि व्यवसायीले अटेर गरे कानूनबमोजिम कारबाही गरिने इलाका प्रशासन कार्यालय लहानका प्रमुख गोकर्णराज सुयालले बताए । त्यसैगरी, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय पर्सा वीरगंजका प्रतिनिधि मधुरेशप्रसाद साहले पहिलोपटक भएको बजार अनुगमनमा अखाद्य वस्तु बिक्री गर्नेलाई सचेत गराइएको र दोस्रो चरणको अनुगमनदेखि अखाद्य बस्तु बिक्री गर्ने व्यवसायीलाई कानूनबमोजिम कारबाही गरिने बताए ।उनले इजाजतपत्र लिएर मात्र सुर्तीजन्य पदार्थ तथा मदिरा बिक्री गर्न व्यवसायीलाई निर्देशन दिए । अनुगमन टोलीमा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंज र इलाका प्रशासन कार्यालय लहानका साथमा घरेलु तथा साना उद्योग कार्यालय लहान, जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहा, सशस्त्र प्रहरीका प्रतिनिधि थिए । विगत केही समयदेखि देशभर स्थानीय बजारमा अनियमितता, अनुगमन अभाव तथा व्यावसायिक अनुशासन कमी व्यापकरूपमा देखिँदै आएको छ ।

# ‘हामी कहिलेसम्म अर्को पालिकाको विद्यालयमा पढ्न जाने ?’

**सर्लाही ।**
हरिपुर्वा नगरपालिकाका विद्यार्थीले पढ्नकै लागि छिमेकी पालिकाका जानुपर्ने बाध्यता कहिलेसम्म ब्यहोर्नुपर्ने हो भनी बारम्बार प्रश्न गर्दै आएका छन् । उनीहरूले स्थानीय सरकारलाई आफ्नै पालिकामा पठनपाठनको वातावरण बनाउन माग गरेका छन् । हरिवनमा बिहीबार आयोजना गरिएको ‘बालबालिकासँग मेयर कार्यक्रम’ मा नगरमा शैक्षिक अवस्था खराब भएको गुनासो गर्दै विद्यार्थीहरूले विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न आग्रह गरे । हरिपुर्वा नगरपालिका–७ डुमरियाका अविनाश भण्डारीले गाउँमै रहेको विद्यालयमा पठनपाठन हुन छाडेपछि छिमेकी पालिका ईश्वरपुर जाने गरेको बताए ।

उनले नगरप्रमुख विनोदकुमार साहसँग कहिलेसम्म छिमेकी पालिकाको स्कुल जानू भन्दै गुनासो गरे । भण्डारी अहिले कक्षा ९ मा अध्ययनरत छन् । हरिपुर्वा नगरपालिका–४ स्थित गाउँमा रहेको जनता आधारभूत विद्यालयमा नियमित पठनपाठन नहुने, शिक्षक नियमित नआउने, आए पनि कक्षामा नजाने समस्या रहेको उनको भनाइ थियो । ‘विद्यालय विद्यालयजस्तो छैन,’ छात्र भण्डारीले भने, ‘विद्यालय नै तर्साउने घरजस्तो भएको छ । हामी कसरी उत्साहित भएर पढ्नु ?’ स्थानीय जनप्रतिनिधिले समेत बेवास्ता गरेको उनको गुनासो छ । लामो बाटो छिचोलेर आफूसँगै गाउँका धेरै बालबालिका अहिले दैनिक ईश्वरपुर नगरपालिका–१५ को जनता मावि गोनाहाका पढ्न जाने गरेको उनको भनाइ छ ।

गाउँमा विद्यालय नियमित नचलेका कारण बालबालिका स्कुल नियमित जाँदैनन् । यसले गर्दा कुलतमा लाग्ने, बीचैमा पढाइ छाडेर हिँड्नेजस्तो समस्या बढ्दै गएको छ । यसले गर्दा बालबालिकाको पठनपाठन पूरा हुँदैन । धेरै बालबालिका अहिले पनि पूर्ण रूपमा कुलतमा लागेको भन्दै उनले चिन्ता व्यक्त गरे । विद्यालय नियमित गरिदिन र आवश्यकतानुसार शिक्षक र भौतिक संरचनाको प्रबन्ध गरिदिन भण्डारीले नगरप्रमुख साहसँग माग गरे ।



हरिपुर्वा नगरपालिका–६, केश्वर गरिब जनता नमूना माविमा अध्ययनरत छात्रा निलमकुमारी साहको गुनासो पनि उस्तै छ । विद्यालय पठनपाठनमा नभई भद्रगोलमा नमूना भएको उनको गुनासो छ । शिक्षा नीतिमा तराईका जिल्लामा एउटा कक्षा कोठामा धेरैमा ४० विद्यार्थी राख्न सकिने व्यवस्था छ । तर यस विद्यालयमा एउटै कक्षामा एक सय ५० जनासम्म विद्यार्थी राख्ने गरेको उनले दुःखेसो पोखिन् ।

यसरी सञ्चालन गरेको कक्षामा पढ्ने माहोल नभएको अर्का छात्रा रीता महतोले बताइन् । ‘विद्यालयमा कक्षाकोठा पर्याप्त नहुँदा एउटै कक्षामा धेरै विद्यार्थी हुन्छन्, अगाडि बसेर शिक्षकले पढाएको पछाडि बस्ने विद्यार्थीले सुन्दैनन्,’ उनले भनिन्, ‘हामीले बारम्बार विद्यालय तथा बाल क्लबको सहायता माग राख्दा सुनवाइ भएन ।’ साह विद्यालयमा कक्षा ९ मा अध्ययनरत छिन् ।

नगरका अधिकांश विद्यालयको हालत उस्तै रहेको सहभागी बालबालिकाको भनाइ थियो । छात्रछात्रा नभएको विद्यालयमा भौतिक संरचना पर्याप्त हुने तर आवश्यक परेका स्थानका बालबालिकाले सुविधा नपाउने अवस्था भोगिरहेको साहले बताइन् । स्थानीय सरकारको दोस्रो कार्यकालको तीन वर्ष सकिन लाग्दा पनि स्कुल वर्षात्मा तलाउ बन्ने र हिउँदमा धुलो उडेर बस्न नसक्ने अवस्था रहेको उहाँको भनाइ थियो ।

अर्कातर्फ विद्यालयमा बेलाबेलामा हुने विवादका कारण सम्पूर्ण पठनपाठन नै अवरूद्ध हुने गरेको छ । यस्तो अवस्थामा सबै विद्यार्थी प्रभावित बनिरहेका सहभागी छात्र राजु रामले बताए ।

गत शैक्षिकसत्रमा पनि विद्यार्थी र विद्यालय प्रशासनबीच विवाद भएको थियो । सोही विवादले निकै समय विद्यालय बन्द रह्यो । परीक्षाको केही दिनअघि मात्र पनि एक हप्ता पठनपाठन रोकियो । यसले परीक्षाको समयमा धेरै समस्या भएको उनको अनुभव छ । हरिपूर्वा नगरपालिका–१ निवासी सिम्कनु खातुनले किशोर किशोरीमा क्यान्सरजस्तै गरी फैलिरहेको लागुपदार्थ दुव्र्यसनी नियन्त्रण गरिदिन आग्रह गरिन् । विपन्न परिवारका किशोरकिशोरी परिवारका सदस्यलाई समेत दुःख दिएर यस्ता गतिविधिमा संलग्न हुनेक्रम दिनप्रतिदिन बढ्दो रहेको उनको अनुभव छ । यस्ता गतिविधि रोक्न स्थानीय सरकार उदाशीन भएको उनको आरोप छ ।

कार्यक्रममा नगरप्रमुख साहले छात्रछात्राको प्रश्न तथा जिज्ञासा सुनिसकेपछि उनले पनि आफ्ना गुनासो सुनाए । निर्वाचित भएको दुई वर्षसम्म प्रशासकीय अधिकृत खोज्न सिंहदरबार धाउँदैमा व्यस्त भएको उनको भनाइ छ । ‘बाँकी समयमा आफ्नो एजेण्डाअनुसार शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेर काम गरिरहेको छु,’ नगर प्रमुख साहले भने, ‘लागुऔषध, बालविवाहलगायत अवाञ्छित गतिविधिमा संलग्न जोकोहीलाई कारबाहीका लागि पहल गरिरहेका छौँ ।’

प्रशासनले तुरून्त कारबाही प्रक्रिया अगाडि नबढाउने र गाउँ समाजले समेत परिवेश र संरचनालाई दोष दिएर उम्किने गरेको उनको भनाइ छ । पालिका तथा वडावडामा बालमैत्री पुस्तकालय, कम्प्युटरसहितका कक्षा सञ्चालन गर्न बालबालिकाको आग्रह थियो । नगरको शिक्षा, स्वास्थ्य, खानेपानी, कृषिलगायतका योजना प्राथमिकताका साथ शुरू गर्नुपर्ने सहभागी छात्रछात्राले माग गरे । रासस

# जेल नै समस्याको 'जेल'मा




**मनोज माझी**
**राजविराज ।**

सप्तरीको राजविराज कारागार (जेल) आफैँ समस्यै समस्यामा जेलिएको छ । कारागार मुलुकै पुरानो कारागारमध्ये एक हो । २ बिघा १३ धुर क्षेत्रफल रहेको कारागारको १ बिघा जति जग्गा अतिक्रमणको चपेटामा परेपछि समस्या अरु बढेको छ । गल्ती गर्दा पक्रने र थुन्ने ठाउँकै जग्गा पनि कब्जा गर्न मान्छे डराउन छाडेका छन् । कारागारमा १ सय ५५ जनाको क्षमता रहे पनि ५ महिलासहित ३ सय ९८ कैदीबन्दी राखिएका छन् ।

एकातिर जीर्ण भवन अर्कातिर क्षमता भन्दा बढी कैदीबन्दी राख्नुपर्दा जोखिमसँगै निगरानी गर्न पनि समस्या भएको जेलर मातृका प्रसाद दाहाल बताउँछन् । उनी सरुवा भएर आएको १७ दिन मात्र भएको छ । कारागारमा दरबन्दीअनुसार कर्मचारी र सुरक्षाकर्मी पनि अभाव छ । कारागारमा १ अधिकृत, १ सुब्बा, ३ खरिदार, १ सहलेखापाल र ६ कार्यालय सहयोगीको दरबन्दी रहेकामा १ अधिकृत, १ सहलेखापाल र ४ कार्यालय सहयोगी मात्र छन् । यस्तै १ अहेबको दरबन्दी रहे पनि त्यसमा पदपूर्ति हुनसकेको छैन । दरबन्दीअनुसार सुरक्षाकर्मी पनि अभाव देखिएको जेलर दाहालको भनाइ छ ।

कारागार भवन र पर्खालको अवस्था हेर्दा कुन बेला भवन ढल्ने हो वा कुन बेला भित्ता फोडेर कैदी भाग्ने हुन् भन्ने चिन्ताले सताइरहेका बेला पछिल्लोपटक वैशाख १४ गते राति हावाहूरी र वर्षासँगै चट्याङ लागेका बखत सुरक्षाकर्मी ओत लागेको मौका छोपेर एक कैदी फरार भएपछि चिन्ताले निन्द्रा हरेको उनको भनाइ छ । चोरी मुद्दामा धरौटी बुझाउन नसकेर बन्दी जीवन बिताइरहेका सप्तरी, शम्भुनाथ नगरपालिका–११ का ३५ वर्षीय रामानन्द मण्डल २० फिट अग्लो कारागारको पर्खाल नाघेर फरार भएका थिए । उनी अझै पक्राउ पर्न सकेका छैनन् । प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले फरार कैदी मण्डलको खोजी भइरहेको र चाँडै पक्राउ पर्ने बताउँदै आएका छन् ।

समस्या यति मात्र होइन, कारागारमा सिसिटिभी क्यामेरा, जेनेटरसमेत छैन, एक कर्मचारीले भने, सिसिटिभी क्यामेरा जडान भएको भए निगरानी गर्न सहज हुन्थ्यो, तर त्यो पनि नहुँदा समस्या भएको छ ।' उनले जेनेरेटरसमेत नहुँदा बत्ती गएका बेला टर्च र इमरजेन्सी लाइटका भरमा निगरानी गर्नु पर्ने बाध्यता रहेको सुनाए । विगतमा कैदी ओसारपसारका लागि प्रयोग गरिने कारागारको एक मात्र गाडी बिग्रेर महिनौंदेखि लहानस्थित ग्यारेजमा थन्किएको जेलर दाहालको भनाइ छ । 'गाडी मर्मत भइसकेको छ, तत्कालै २–३ लाख रुपैयाँ खर्च बुझाउनु पर्ने रहेछ,' उनले भने, 'तर बजेट अभावमा ल्याउन सकिएको छैन ।'

उनले कारागार सुरक्षाका लागि कारागारको पर्खालको चारैतिर काँडेतार, सिसिटिभी क्यामेरा जडान आवश्यक भएको भन्दै कारागारको सम्पूर्ण समस्या समाधानका लागि आपूmले सम्बन्धित निकायमा आएका दिनदेखि नै पहल गरिरहेको बताए । राणाकालीन २००८ सालमा निर्माण भएको कारागार सरकारी उपेक्षाका कारण जीर्ण र अतिक्रमणको चपेटामा परेको भन्दै स्थानीयले बेलैमा यसतर्फ ध्यान दिन सरकारसँग माग गरेका छन् ।

**कारागारबाट परीक्षा दिँदै सुमित**

कक्षा–१२ को परीक्षा चलिरहेको छ । जिल्लाका विभिन्न परीक्षा केन्द्रबाट १२ कक्षा पढ्ने विद्यार्थी परीक्षामा सहभागी छन् । तर एउटा विद्यार्थी राजविराज कारागारबाटै परीक्षामा सहभागी छन् । उनी हुन् सप्तरी, महादेवा गाउँपालिका–३ का सुमित कुमार यादव । १९ वर्षीय यादव विगत १ महिनादेखि कारागारमा छन् ।

गाउँकै किशोरी बलात्कार आरोपमा उनीमाथि जबर्जस्ती करणी मुद्दा चलाइएको प्रहरीको भनाइ छ । मुद्दामा सप्तरी जिल्ला अदालतको आदेशमा उनी पुर्पक्षक्रममा कारागार चलान भएका हुन् । परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म चल्ने गरेकामा ५ मिनेट पहिले प्रश्नपत्र र उत्तर पुस्तिका लिएर शिक्षक कुलचन्द्र प्रसाद साह कारागार पुग्ने गरेका छन् । आठ बज्नासाथ कारागारको एक कोठामा उनलाई राखेर प्रश्नपत्र र उत्तरपुस्तिका दिने र ११ बज्नासाथ फिर्ता लिई जाने गरेको शिक्षक साहले बताए । परीक्षा जेठ २ गतेसम्म चल्ने छ । परीक्षा समितिको निर्देशनमा कारागारमा समेत परीक्षा लिने व्यवस्था मिलाइएको जेलर मातृका प्रसाद दाहालले बताए ।

# बैंकरहरूको मनोमानी लुटले बैंक नै अस्तव्यस्त



**मधेशदृष्टि**
**काठमाडौँ ।**

आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले बैंकरहरुको मनोमानी लुटले बैंकहरु अस्तव्यस्त भएको बताएका छन् । सर्वसाधारणले ऋण नपाउने तर बैंककै प्रमोटर सेयरधनीले बैंकिङ क्षेत्रमा लुट मच्चाइरहँदा दुई तिहाईको शक्तिशाली सरकार के हेरेर बसेको भन्दै उनले प्रश्न गरे ।

प्रतिनिधि सभाको शुक्रबारको बैठकको विशेष समयमा आजपा अध्यक्ष साहले दुनियाँमा जो प्रहरी उही चोर, जो धनी उहीँ ऋणी कही पनि नभएको बताउँदै 'जो बैंकर छ, उहीँ ऋणी छ' यसले देशलाई विनाश गर्ने बताए । 'बैंकरहरूको मनोमानी लुटले आज बैंकहरु अस्तव्यस्त भएका छन् । एकातिर आमजनताले कर्जा पाइरहेका छैनन् र अर्कातिर बैंकमा पैसा थुप्रिएको छ,' साहले भने, 'तरलता प्रशोधनका नाममा राष्ट्र बैंकले झण्डै २१ अर्ब रुपैयाँ ब्याज तिर्नुपरेको छ ।' जनताले ब्याजमा पैसा नपाउने र जनताकै पैसाबाट बैंकलाई ब्याज दिनुपर्ने अवस्था रहेको भन्दै उनले सरकारको ध्यानाकर्षण गराए । यी तथ्यांकहरू उल्लेख गर्दै उनले सरकारलाई प्रश्न गरे, 'यही हो तपाईंहरुको दुई तिहाइको सुशासन ? दुई महिनाअघि नै नियुक्त हुनुपर्ने गभर्नर अहिलेसम्म नियुक्त भएको छैन । दुनियाँलाई थाहा छ तपाईंहरुको द्वन्द्वका कारण, पार्टीका नेताहरुको द्वन्द्वका कारण गभर्नर नियुक्त नभएको कुरा छ्याप्छ्याप्ती छ ।'

गभर्नरको कार्यकाल सकिनुभन्दा एक महिनाअघि नै गभर्नर नियुक्त गर्नुपर्ने हो । तर दुई तिहाईको शक्तिशाली सरकारले अहिलेसम्म गभर्नर नियुक्त गर्न नसकेकामा उनले सरकारको ध्यानाकर्षणसमेत गराएका छन् । सत्तारुढ पार्टीको आन्तरिक द्वन्द्वका कारण गर्भनर नियुक्त हुन नसकेको भनेर टिप्पणी भइराखेको पनि उनले स्मरण गराए । यस्तो परिस्थितिले देशको अर्थतन्त्रलाई असर गर्ने उनले बताए ।

अर्थतन्त्र सुधार गर्न बैंकिङ अवस्थामा समेत सुधार आउन आवश्यक रहेको उनले बताए । बैंकरले विदेशमा पैसा लैजाने गरेको पनि उनले बताए । 'बैंकरहरु जो नेपाली जनता गरिब जनताको पैसा लुटेर मनोमानी गर्ने र विदेश लैजाने यो जुन परिपाटी छ । यसलाई रोक्न जरुरी छ ।

दुनियाँमा कहीँ पनि जो ऋणी उहीँ धनी, जो धनी उहीँ ऋणी कही पनि थिएन । जो बोक्सी उहीँ झाँक्री हो भने देशमा विनाश हुन्छ सभामुख महोदय । आज जो बैंकर छ, उहीँ ऋणी छ । हामी हेर्छौं सिपाही र चोर एउटै हुँदैन । तर नेपालमा उही बैंकर उहीँ ऋणीका कारण हाम्रो देशको अर्थतन्त्रमा ठूलो असर परिरहेको हामी देखिरहेका छौँ,' आजपा अध्यक्ष साहले भने ।

बैंकिङ पुँजी झण्डै ८० खर्ब रुपैयाँ भन्दा माथि पुगेको बताउँदै उनले भने, 'जसको प्रमोटर सेयर बैंकर हो । त्यसको चार खर्ब वरिपरी त्यसको लगानी छ । तर होल कर्जाको झण्डै ७० प्रतिशत ती प्रमोटरहरुले चलाइरहेको रहेको स्थिति छ । जम्मा चार खर्ब लगानी गर्ने र ४० खर्बभन्दा बढी त्यो जनताको पैसा दोहन गर्ने यो भन्दा अत्याचार के हुन्छ ?' बैंक तथा वित्तीय संस्था विस्तार हुँदै गएपछि क्रमशः आमनेपालीको वित्तीय पहुँच बढेको छ । बैंकको कुल निक्षेप रजिस्टर्ड खाता ५ करोड ८३ लाख ९९ हजार ७ सय ८४ रुपैयाँको हाराहारीमा छ । रजिस्टर्ड निक्षेप खाता संख्या ५ करोडमाथि भए पनि सबै नियमित सञ्चालनमा छैनन् । बैंकमा एउटै व्यक्तिको ५–७ खाता खोल्ने प्रवृत्तिले जनसंख्याभन्दा धेरै देखिएको हो ।

कुल खातामध्ये ३ करोड ५३ लाख ७९ हजार खाता सक्रिय रूपमा सञ्चालित रहेको उल्लेख गर्दै सांसद साहले सेवाग्राहीले अपेक्षित सेवा लिन नसकिरहेको बताए । जनताले बैंककमा बचत गर्न सक्ने तर, ऋण लिँदा अनेक झण्झट बेहोर्नुपर्ने अवस्था रहेको उनले बताए । ब्याज र सेवा शुल्कका नाममा बैंकले आफूखुसी निर्णय लिने गरेको समेत उनले बताए ।

एउटा बैंकको वालेटबाट अर्को वालेटमा पैसा ट्रान्सफर गर्दा झण्डै १२ रुपैयाँ लाग्ने गरेको भन्दै उनले यस्तो कार्य बन्द गरिनुपर्ने माग गरे । यस्तै बैंकबाट विभिन्न कारणले पीडित भएकाको उद्धार गर्न उनले सरकारको ध्यानाकर्षण गराए । बैंकहरुले मनोमानी रुपमा ब्याज बढाएर लिएको पैसा पनि फिर्ता गराउनुपर्ने माग उनले गरे ।

# तस्कर समाउन मोटरसाइकल समाउँदा लडेर घाइते भएकाको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**

कटहरिया नगरपालिका–४ स्थित लालबकैया नदीको पुल छेउमा सशस्त्र प्रहरीसँग मोटरसाइकल जुधेर घाइते भएका एकजना स्थानीयको उपचारक्रममा मृत्यु भएको छ । सशस्त्र प्रहरी बल बेस क्याम्प दुधियाभारमा कार्यरत हवलदार सुवास सिंहले चलाएको बा८४प ७३८३ नम्बरको मोटरसाइकल र अर्को दिशाबाट आउँदै गरेको बिआर ३००–७९३६ नम्बरको मोटरसाइकल बुधबार दिउँसो पुलको दुईसय मिटर पूर्वपट्टि जुधेको थियो ।

दुर्घटनामा गम्भीर घाइते बिआर ३००–७९३६ नम्बरको मोटरसाइकल चालक स्थानीय फतुवा विजयपुर–४ टेंग्राहाका ५० वर्षीय अनुठा राय यादवको उपचारक्रममा गण्डक अस्पताल वीरगंजमा मृत्यु भएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी डिएसपी दीपक कुमार रायले बताए । मृतकको शव पोष्टमार्टमका लागि नारायणी अस्पताल वीरगंजमा लागिएको छ ।

घटनाबारे कुनै लिखित उजुरी नआएकाले जाहेरी आएपछि थप अनुसन्धान तथा कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाइने प्रवक्ता रायले बताए ।

आमजनता पार्टीका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले बिहीबार घटनाबारे सदनमा सरकारलाई जानकारी गराए । उनले कमिसनको चक्करमा तस्कर पक्राउ गर्ने नाममा जबर्जस्त दुर्घटना गराउने सशस्त्र प्रहरीमाथि कारबाही र घटनाको छानबिन हुनुपर्ने माग गरे ।

तराई मधेशमा सशस्त्र प्रहरीले कमिसनको चक्करमा परेर किसान, व्यापारीदेखि सर्वसाधारणलाई दुःख दिँदैआएकाले त्यस्तो काम तत्काल बन्द हुनुपर्ने माग गरे ।

सशस्त्र प्रहरी बल मधेश प्रदेश कार्यालय बर्दिबासका प्रवक्ता एसएसपी सुरजसेन ओलीले मोटरसाइकल दुर्घटनामा मृत्यु भएको परिवारले उचित क्षतिपूर्ति पाउने बताए । उनले घटनाको प्रहरी अनुसन्धानमा जे देखिन्छ, त्यसै अनुसारको कारबाही हुने विश्वास दिलाए ।

**के हो घटना**

बुधबार अपरान्ह साढे तीनबजेको समय बोरामा भन्सार छलीको किराना सामान बोकेको ग४प ४०७३ नम्बरको मोटरसाइकल गइरहेको थियो । मोटरसाइकल हेरेर कटहरिया–४ लालबकैया पुलको पश्चिम बाँधमा बसेको सशस्त्र प्रहरी बेस क्याम्प दुधियाभारको गस्ती टोलीले रोक्न खोज्दा तस्करले तुफान कुदाएको थियो ।

तुफान कुदाएर कटहरिया बजार भाग्नलाग्दा सशस्त्र प्रहरी हवल्दार सिंहले बा८४प ७३८३ को मोटरसाइकलमा दुईजना चढेर तिब्रगतिमा पिछा गरेपछि कटहरिया बजारबाट किनमेल गरेर फर्कँदै गरेको भारतीय नम्बर बिआर ३००–७९३६ नम्बरको मोटरसाइकल र तस्करको ग४प ४०७३ नम्बरको मोटरसाइकल जुधेको थियो । घटनालगत्तै तस्कर त्यहाँबाट भाग्न सफल भएको प्रत्यक्षदर्शीले बताए ।

दुर्घटनामा परेर भारतीय नम्बरको मोटरसाइकल चालक फतुवा विजयपुर–४ टेंग्राहाका ५० वर्षीय अनुठा यादवको टाउकोलगायतका शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको थियो भने पछाडि सवार सोही ठाउँका ४० जिनिस साहलाई सामान्य चोटपटक लागेको थियो ।

दुर्घटनापछि पीडितका आफन्त तथा बजारबाट किनमेल गरी फर्किरहेकाले दुवैजना सशस्त्र प्रहरीलाई निर्घात कुटपिट गरेका थिए । लगत्तै इलाका प्रहरी कार्यालय कटहरियाबाट गएको गस्ती टोलीमाथि हातपात भएको थियो ।

आक्रोशित स्थानीयले लालबकैया नदीको पुल भएर जाने बाटोसमेत अवरोध गरी दोषीमाथि कारबाही माग गर्दै इलाका प्रहरी कार्यालय कटहरियाअगाडि प्रदर्शन गरेका थिए ।

पछि इलाका प्रहरी कार्यालय गरुडाबाट इन्स्पेक्टर ओम प्रकाश यादवको कमाण्डमा गएको टोली र त्यस क्षेत्रका सशस्त्र बेस क्याम्पबाट गएको टोलीले सम्झाइबुझाई बाटो खुलाएर दुर्घटनामा परेका तीनवटै मोटरसाइकल नियन्त्रणमा लिएको थियो ।



# माया गरेर जोगाइएको हात्तीले गाउँले त्रसित

**मुकेश कुमार साह**
**चपुर ।**

घाइते अवस्थामा फेला परेको जङ्गली हात्तीलाई संरक्षणका लागि स्थानीयले खाना खुवाएर ज्यान जोगाएका थिए । तर हाल सोही हात्ती चन्द्रपुर नगरपालिकाका बासिन्दाका लागि त्रासको कारण बनेको छ । घर भत्काउने, अन्नबाली नष्ट पार्ने र रातको निद्रा उडाउने घटनाले स्थानीय जनजीवन प्रभावित बनेको छ ।

२०८१ कात्तिक महिनादेखि चन्द्रपुर–२ जुडिबेला र वडा नम्बर ३ गैडाटार आसपासका क्षेत्रमा बास बनाएको हात्तीले पछिल्ला सातामा लगातार क्षति पु¥याउँदै आएको छ । घर टहरा भत्काउने, गोदामको अन्न नष्ट गर्ने र मानिसलाई आक्रमण गर्ने प्रवृत्तिका कारण गाउँले दिनरात त्रासमा छन् । 'घाइते हात्ती देखेपछि हामीले पानी, खाना दिएर उपचार गर्न मद्दत ग¥यौँ । अचेल त्यसैले हाम्रो बास भत्काइरहेको छ," स्थानीय सुनिप पोखरेल भन्छन् ।

मङ्गलबार मात्रै हात्तीले चन्द्रपुर–२ जोगिटोलकी एकल महिला फुलमाया कुँवरको घरमा पूर्ण रूपमा क्षति पु¥याएको थियो । भान्सा सामग्रीदेखि खाद्यान्न र लत्ताकपडासम्म केही बाँकी रहेन । सोही दिन मैया गिरी आले र मुक्तिनारायण चौधरीका घरमा पनि हात्तीले तोडफोड गरेको थियो । पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रबाट भासिएको अनुमान गरिएको हात्ती सामान्यतया दिनको समय हर्दिया खोलातर्फ बस्ने र राती गाउँ पस्ने गरेको स्थानीय उत्तम खड्का बताउँछन् । 'हात्तीले एकपछि अर्को गर्दै दुई दर्जनभन्दा बढी घरमा क्षति पु¥याएको छ,' वडाध्यक्ष दुत्तबहादुर थिङ भन्छन्, 'निकुञ्ज र मन्त्रालयलाई बारम्बार जानकारी गराइएको छ, तर समाधान आउन सकेको छैन ।'

चन्द्रपुर–३ गैडाटार क्षेत्रमा समेत एक दर्जनभन्दा बढी घर प्रभावित छन् । वडाध्यक्ष बोधनाथ देवकोटाका अनुसार, पीडित घरधुरीमा सन्तबहादुर रुम्बा, मीना राई, बलीमाया लोप्चन, सुबास ठोकरलगायतका परिवार छन् । कात्तिक १६ गते फतुवा विजयपुर–११, रागी बुटुवाकी ७० वर्षीया पातलीमाया तामाङको ज्यान समेत हात्तीको आक्रमणबाट गएको थियो ।

नगर प्रमुख सञ्जयकुमार काफ्लेले तत्काल पीडितको घर पुनःनिर्माणमा सहकार्य गरिने जानकारी दिए । 'नगरपालिकाको तर्फबाट राहत र सहयोग उपलब्ध गराउने प्रक्रिया अघि बढाइएको छ,' उनले भने । वन्यजन्तुको संरक्षणका नाममा राज्यको नीति रहे पनि संरक्षणपछिका जोखिम र क्षतिपूर्तिका विषयमा राज्य गम्भीर नदेखिएको स्थानीयको गुनासो छ । हात्ती नियन्त्रण र सुरक्षित बसोबासका लागि तत्काल समन्वय र दीर्घकालीन समाधानको खाँचो देखिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन